मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




● वर्ष १ ● अंक १०४ ● २०७९ साल फाल्गुन ९ गते मंगलबार ● Tuesday 21, Feb. 2023 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# कार्यसम्पादनमा मधेश सबैभन्दा पछाडि

## संघबाट दिइने अनुदान रकम कट्टा हुने

*मधेश प्रदेशले कर्णाली प्रदेशभन्दा पनि कम अंक ल्याएकोमा सबैभन्दा धेरै अनुदान रकम कटौती हुने भएको छ । जनसंख्या, बेरुजु, बजेट खर्च, राजश्व संकलनलगायत समग्र कार्यसम्पादन मूल्यांकनलाई आधार मानेर कार्यसम्पादन अंक निर्धारण गरिन्छ*

मधेशदृष्टि
जनकपुरधाम, ८ फागुन ।

कार्यसम्पादन मूल्याङ्कनमा सबैभन्दा कम अंक ल्याएकोमा मधेश प्रदेशको आगामी आर्थिक वर्ष २०८०/०८१ मा पनि केन्द्रबाट प्राप्त बजेटमा कटौती हुने भएको छ ।

संघीय सरकारद्वारा प्रदेश सरकारलाई दिइने सशर्त, विशेष र समानीकरण सहितको वित्तिय समानीकरण अनुदानबाट मधेश प्रदेशको बजेटमा कटौती हुने भएको हो । मधेश प्रदेशले कर्णाली प्रदेशभन्दा पनि कम अंक ल्याएकोमा सबैभन्दा बढी अनुदान रकम कटौती हुने भएको छ । चालु आर्थिक वर्षमा समेत मधेश सरकारको वित्तिय समानीकरण अनुदानमा कटौती भएको थियो ।



संघले प्रदेशहरुलाई दिन अनुदानको कूल रकम मध्ये ५ प्रतिशत वित्तिय समानीकरण अन्तर्गत राखिन्छ र कार्यसम्पादन मूल्याङ्कनका प्राप्त अंकको आधारमा बाँडफाँड हुन्छ । यस आधारमा सबै बढी प्रदेश एकले पाउँने छ भने सबै भन्दा कम मधेश प्रदेशले प्राप्त गर्ने छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको प्रदेश सरकारको कार्यसम्पादन सूचक सम्बन्धी विवरण अनुसार ७ प्रदेश मध्ये कुनै पनि प्रदेशले ४५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्न सकेका छैनन् । आयोगको विवरण अनुसार प्रदेश नं १ ले सबैभन्दा बढी ४४.३ अंक पाएको छ भने मधेश प्रदेशको कार्यसम्पादन अंक सबैभन्दा कम २०.५ रहेको छ ।

बागमती प्रदेशले ३६ दशमलव एक, गण्डकी प्रदेशले ३८ दशमलव पाँच, लुम्बिनी प्रदेशले ३४ दशमलव चार, कर्णाली प्रदेशले २५ दशमलव नौ र सुदूरपश्चिम प्रदेशले २६ दशमलव एक अंक पाएको आयोगले जनाएको छ ।

'प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०७८' का आधारमा मूल्याङ्कन गरेर राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेशलाई यस्तो अंक प्रदान गर्छ । कार्यसम्पादनबाट प्राप्त अङ्कका आधारमा प्रदेश तथा स्थानीय तहले सङ्घ

- बाँकी पृष्ठ ६ मा

# सुध्रिनुपर्छ दलहरु, सचेत हुनपर्छ जनता : पूर्वराष्ट्रपति डा. यादव

*व्यवस्था चलाउन नजान्दाको दोष व्यवस्थामाथि थोपर्ने काम कसैले गर्न मिल्दैन । कुनै चोटपटक लागेमा हतियारको दोष भन्ने कि हतियार चलाउने मान्छेको ?*



मधेशदृष्टि
जनकपुरधाम, फागुन ८ ।

गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न राजनीतिक दलहरूले आफ्नो व्यवहारलाई सुधार्दै लैजानुपर्ने बताएका छन् । ७३ औं प्रजातन्त्र दिवसको अवसरमा जनकपुर बौद्धिक समाजले सोमबार जनकपुरधाममा आयोजना गरेको कार्यक्रममा पूर्वराष्ट्रपति डा यादवले २४० वर्षीय निरङ्कुश राजतन्त्रको अवशेष अहिले पनि विद्यमान रहेकाले दलहरूले आफूलाई सुधार्दै जानुको विकल्प नरहेको बताए । "जनतासँग जोडिएका राजनीतिक दलहरूको व्यवहारले सबै क्षेत्रमा उकुसमुकुसको अवस्था देख्छु, दलहरूको क्रियाकलापलाई लिएर सिङ्गो व्यवस्थामाथि प्रश्न उठाउन थालिएको छ, उनले भने, त्यसैले सबै दलहरूले जनभावनाअनुसार काम गर्नु जरुरी छ । सहिदहरूको बलिदान,

- बाँकी पृष्ठ ६ मा

# मिथिलाको महाकुम्भ माध्यमिकी परिक्रमा शुरु

*१५ दिवसीय परिक्रमाको शुभारम्भ मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव गरे । भक्तजनले १ सय ३३ किलोमीटर नाङ्गो खुट्टाले पैदल यात्रा गर्दछन् । परिक्रमामा २० लाख भक्तजनको सहभागिता रहने विश्वास गरिएको छ*



मधेशदृष्टि
जनकपुरधाम, ८ फागुन ।

मिथिलाको महाकुम्भ भनिने विश्वकै सबैभन्दा लामो धार्मिक पदयात्रा माध्यमिकी परिक्रमा सोमबार विधिवत रुपमा शुरु भएको छ ।

मिथिलाञ्चलका बहुचर्चित साँस्कृतिक उत्सवको रुपमा रहेको माध्यमिकी परिक्रमाको १५ दिने धार्मिक पदयात्राको परम्परा अनुसार सुरु गरिएको छ । प्रत्येक वर्ष झै यसवर्ष पनि धनुषाको मिथिला बिहारी नगरपालिका कचुरीस्थित मठबाट सोमबार डोला निस्केसँगै १३३ किलोमिटरको पदयात्रा शुरु हुन्छ ।

सोमवार मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले जयसियारामको नारा लगाउँदै डोला उठाएर परिक्रमा यात्राको प्रारम्भ गरेका हुन् । सो क्रममा घर घरबाट फुल, लड्डु प्रसाद र रंग अविर सहित स्थानियहरुले डोलाको स्वागत गरेका थिए ।

यो परिक्रमामा नाङ्गो खुट्टाले ' जय सियाराम जय जय सियाराम' उच्चारण गर्दै नेपालका ११ र भारतका ४ धार्मिक स्थलमा गरि १५ विश्राम स्थल सहित १ सय ३३ किलोमिटर यात्रा पैदल तय गरिन्छ । धार्मिक यात्राले नेपाल भारतको सम्बन्धलाई समेत प्रगाढ गरेको छ । नेपालको १ सय ५ र भारतको २८ गरि कुल एक सय ३३ किलोमिटर पैदल यात्रा गरिन्छ । प्राचीन मिथिलाको राजधानी जनकपुरधामको चारवटै कुनामा स्थापना भएका चार शिवालय कल्याणेश्वर, जलेश्वर, क्षीरेश्वर र सप्तेश्वरनाथलाई आधार मानी परिक्रमा गर्ने परम्परा रहेको छ ।

माध्यमिकी परिक्रमामा मिथिला बिहारी स्थित कुचरी मठबाट भगवान श्रीराम र जनकपुरधाम स्थित अग्निकुण्डबाट माता सीताको डोलालाई परिक्रमा गराईन्छ । सो डोलासँगै परिक्रमामा सहभागी हुने साधु सन्त र श्रद्धालु भक्तजनहरुले पैदल यात्रा गर्ने गर्छन् । मिथिला बिहारीको डोला सोमबार नै परम्परा अनुसार जनकपुरधाम स्थित रत्नसागर मन्दिरमा पुगेर त्यहाँ भोजन गरेर साँझ पख हनुमान नगरमा रात्रि विश्राम गरेर मिथिला बिहारी र किशोरीजीको डोला मंगलबार दोश्रो दिन बिहान भारतको कल्याणेश्वर विश्रामका लागि प्रस्थान गर्ने छ ।

तेश्रो दिन महोत्तरीको मटिहानी, चौथो दिन जलेश्वर, पाँचौ दिन मडै, छठौ. दिन ध्रुवकुण्ड, सातौं दिन कञ्चनवन तथा आठौं दिन धनुषाको पर्वता, नवौं दिन धनुषाधाम, दसौं दिन सतोषर, एघारौं दिन औरही र बारहौं दिन पुनः भारतको विसौल तथा तेह्रौ दिन पुनः कलानेश्वर हुँदै चौधौं दिनमा जनकपुर आइपुग्ने छ । पन्द्रहौं दिन जनकपुरधाममा अन्तरगृह परिक्रमा पंचकोसी घुमेर समापन हुनेछ । १५ दिवसीय परिक्रममा सहभागि हुननसकेकाहरु परिक्रमाको अन्तिम दिन हुने जनकपुरधाम नगरको अन्तरगृह परिक्रमामा समेत सहभागी भए सोहि बराबरको धर्म र फल प्राप्त हुने विश्वास छ ।

**परिक्रममा स्थलको**

- बाँकी पृष्ठ ६ मा



# नगरपालिकालाई टेर्दैनन् फुटपाथ व्यापारी

**सडकपेटीमा पसल लगाउँनेहरु आफूहरु त्यत्तिकै नबसेको कथा सुनाउँछन् । केहीले अगाडिको सटरवालालाई र केहीले घरबालालाई भाडा तिर्ने गरेको बताउँछन्**

मुकेश कुमार साह
चन्द्रपुर ८, फागुन



चन्द्रनिगाहपुरको मुख्य चोक र बजार क्षेत्रका फुटपाथ अतिक्रमण गरेर व्यवसाय सञ्चालनगर्ने क्रम बढ्दै गएको छ । चन्द्रपुर नगरपालिकामा रहेका दुबै राजमार्गहरुको दायाँबाँयाको क्षेत्र अतिक्रमण गरेर संरचनाहरु बनाइएका छन् भने सडकमै ठेला राखेर गरिने फलफुल, तरकारी, चटपटे लगायतका व्यवसाय पनि निर्धक्क रुपमा संचालन गर्ने गरेका छन् । फुटपाथ व्यापारी अटेरी बन्दा दुर्घटनाको समेत उच्चजोखिम देखिएको छ । अतिक्रमित संरचनाहरु हटाएर सडक क्षेत्र खाली गराउन स्थानीय सरोकारवाला निकायले पटकपटक प्रयास गरेपनि खाली गराउन सकेको छैन् । गएको भाद्र १९ गते इलाका प्रहरी कार्यालय चन्द्रपुर, जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहट, चन्द्रपुर नगर उद्योग वाणिज्य संघ, डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुरका प्रतिनिधी तथा चन्द्रपुरका विभिन्न वडाका वडाध्यक्षहरु लगायतको उपस्थितिमा बैठक बसी७ दिनको समयसिमा दिएर अतिक्रमित फुटपाथ हटाउन भनिएको थियो ।

चन्द्रपुर नगरपालिकामा बसेको सरोकारवालाहरुको बैठकले पूर्व-पश्चिम राजमार्गको दाँयाबाँया २५ मिटर र गौर-चन्द्रनिगाहपुर राजमार्ग दाँयाबाँया १५ मिटर खाली गराउने निर्णय गरिएको थियो । तर अतिक्रमित फुटपाथ केहि समय खालि गरिए पनि केहीदिन पछि पुनः जस्ताको भएको छ । पटक पटक सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्दा पनि केहि दिन पछि पुनः जस्ताको त्यस्तै हुने गरेको भन्दै चन्द्रपुर नगर उद्योग बाणिज्य संघका अध्यक्ष उदय सापकोटाले चिन्ता व्यक्त गरेका छन् ।

फुटपाथ अतिक्रमण नगर्न पटकपटक आग्रह गर्दा पनि ब्यापारीहरुले अटेरी गरेको उनले बताए । 'त्यसरी फुटपाथमा सामान राखेर बेच्ने ब्यापारीहरुलाई हामीले त्यस्तो नगर्न आग्रह गरी रहेका छौँ तर हामीले भनेको टेर्दैनन् ' उनले भने, 'त्यसैले यसमा नगरपालिकाले कारवाही प्रक्रिया अघि बढाएमा हामी पनि सहयोग गर्ने थियौँ ।'

प्रायजसो हार्डवेयर तथा कपडा व्यवसायीले फुटपाथसम्म सरसामान राख्ने तथा नाङलो, ठेला, फलफूलपसल पनि फुटपाथमा नै सञ्चालन हुदाँ बजारको सौन्दर्यमा ह्रास आउनुका साथै पैदलयात्रुलाई समस्या छ । पैदलयात्रु पेटी छोडेर सडकमा नै हिड्नुपर्दा दुर्घटनाको जोखिम बढि भएकाले पनि फुटपाथ व्यवस्थित बनाउनु पर्ने स्थानियहरुको माग रहेको छ । सडक छेउ, फुटपाथ र नालामाथि जथाभावी निर्माण सामग्री तथा ठेला राखेर व्यवसाय गर्दा तथा सवारी पार्किङ गर्दा पैदल हिँड्न र सवारी दुर्घटनासमेत हुनसक्ने देखिएकाले नगरपालिका यस तर्फ गम्भीर हुन् जरुरी रहेको रास्वपाका मधेश प्रदेश सदस्य नबिन प्रसाद चौर सियाले बताए ।

फुटपाथ अतिक्रमण भईरहदा चन्द्रपुर नगरपालिका र स्थानीय प्रशासन भने मौन देखिएको आरोप लगाउँछन स्थानीय । नगरपालिकामा जनप्रतिनिधि आएपछि फुटपाथ अतिक्रमण रोकिने आशा गरिए पनि उनीहरुले उल्टै ब्यापारीलाई संरक्षण गर्ने गरेको स्थानीयको आरोप छ ।

'पैदलयात्री हिड्नकालागि बनाइएको फुटपाथमा ब्यापारीको सामान हुन्छ,' चन्द्रनिगाहपुर मेन चोकमा हिँडिरहेका पैदलयात्रु नकुलशर्मा फुयाँलले भने, ' नगरलाई व्यवस्थितगर्ने बाचा खाएका जनप्रतिनिधिलाई कुनै चासो र चिन्ता छैन ।'

'रोडको छेउछाँउतिर जताततै बाइक र गाडी पार्किङ गर्छन् । कतै सामान बेच्न राखेका हुन्छन् ' फूयाँल भन्छन् 'मान्छे हिड्ने फुटपाथमा ब्यापारीले सामान राख्छन, गाडीवालाले गाडी पार्किङ गर्ने गर्दा हिँड्नै अप्ठ्यारो छ ।' यता व्यापारीहरुले सडकमा पसल लगाए बापत भाडा तिर्ने गरेको बताउँछन् । कोहीले अगाडिको सटरवालालाई भाडा तिर्ने गरेका छन् भने कोहीले घरबेटीलाई भाडा तिर्ने गरेको बताउँछन् । फुटपाथ अतिक्रमण हुँदा पैदल यात्रुले समस्या भेल्ने गरेको चन्द्रपुर नगरपालिकाका प्रमुख संजय काफ्लेले स्वीकार्दै अबको केही दिनमा यो समस्याको दिगो समाधान खोज्न सबै सरोकारवालासँग छलफल गरेर अघि बढ्ने बताए ।

उनले भने 'अव्यवस्थित रुपमा पार्किङ गर्ने, फुटपाथमै सामान राखेर बेच्ने, फुटपाथमै निर्माण सामाग्री राख्ने काम केही समयभित्रै अन्त्य हुन्छ ।'

सडक ऐनले तोकेको मापदण्ड अनुसार पनि फुटपाथ अतिक्रमण नियन्त्रण गर्न सम्बद्ध सरोकारवाला निकाय मौन देखिँदा चन्द्रपुर नगरपालिका क्षेत्र कुरुप देखिन थालेको छ ।

# गरुडामा नगर सभाको आठौं अधिवेशन सम्पन्न




मधेशदृष्टि
गरुडा, ८ फागुन । रौतहट जिल्लाको मध्य भागमा रहेको गरुडा नगरपालिकाको आठौं अधिवेशन सम्पन्न गरेको छ । सो नगरपालिकाको सभाहलमा भएको अधिवेशनको प्रमुख अतिथीको रुपमा मधेश प्रदेश सरकारका गृह तथा सञ्चार राज्यमन्त्री केशव राय चौधरी रहेको थियो । हिउँदे अधिवेशनमा गरुडा नगरपालिकाले चालू आर्थिक वर्ष २०७९/८० का लागि विजियोजित बजेट र नीति तथा कार्यक्रमको प्रगति तथा छलफल, संशोधन, कार्यक्रमको समीक्षासँगै ऐन र कार्यविधि पारित लगायतका काम बारे छलफल गरिएको नगरप्रमुख कन्थमनी जयसवालले बताए ।

गरुडा नगरपालिकाको सोमबार भएको अधिवेशन दुई सत्रमा भएको थियो । पहिलो सत्रको रुपमा उदघाटन सत्र सम्पन्न गरिएको थियो । जसमा स्वागत मन्तव्य र शुभकामना सहित सभाको सुरुवात गरिएको थियो । दोस्रो सत्रको रुपमा बन्द सत्र गरिएको थियो । जसमा विभिन्न १२ वटा विधेयकहरु र कार्यविधि बारे छलफल गर्न प्रस्ताव पेस गरिएको थियो ।

भोलि फेरि बसेर यो सबै विधेयकहरुको बारेमा बृहत छलफल गरी यसको बारेमा सर्वसहमतिले पास गरिने मेयर जयसवालले बताए ।

चालू आर्थिक वर्षका लागि विनियोजित बजेटको समीक्षा गर्दै खर्च हेरफेर गरेर हिउँदे अधिवेशन सम्पन्न गरेको उनले बताए । विकासको अवस्था, बजेटको खर्च विवरण, राजस्व सङ्कलन, कार्यक्रमको उपलब्धि, गुनासा र समस्याका बारेमा छलफल गर्दै हिउँदे अधिवेशन सम्पन्न गरिएको गरुडा नगरपालिकाले जनाएको छ । सो अवसरमा गरुडा नगर उद्योग वाणिज्य संघका अध्यक्ष हरेन्द्र जायसवाल, सुनचाँदी व्यवसायी संघका मधेश प्रदेश अध्यक्ष रामजी साह,विपिन जयसवाल सहित प्रमुख प्रशासकीय अधिकृत भूदेव झा, नगर प्रमुख जयसवाल, उप प्रमुख पुनम कुमारी चौधरी, वार्ड अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वार्ड सदस्यहरु, कर्मचारी, पत्रकार हरुको सहभागिता रहेको थियो ।

# राष्ट्रपतिमा राष्ट्रिय सहमति आवश्यक




मधेशदृष्टि
काठमाडौँ, ८ फागुन । राष्ट्रपतिमा राष्ट्रिय सहमति कायम गर्नु अहिलेको आवश्यकता रहेको प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बताएका छन् ।

सोमबार पार्टी कार्यालय पेरिसडाँडामा बसेको माओवादी केन्द्रका पदाधिकारी बैठकमा प्रचण्डले आन्तरिक राजनीति र विगतको गल्ती कमजोरी दोहोरिन नदिनका लागि पनि राष्ट्रपति सर्वमान्य व्यक्ति हुनुपर्ने प्रचण्डले भने ।

उनले संसदमा देखिएको प्रतिनिधित्व र राजनीतिक दाउपेचले संसद् टिकाउन सकसपूर्ण देखिएको भन्दै यस्तो बेलामा समन्वयकारी भूमिका निर्वाह गर्न सक्ने राष्ट्रपति आवश्यक हुने बताएका थिए । पार्टी बैठकमा पछिल्लो राजनीतिक घटनाक्रमबारे ब्रिफिङ गर्दै प्रचण्डले अहिलेको सत्ता गठबन्धनलाई टिकाउन आफू लागिपर्ने प्रचण्डको धारणा रहेको सचिव दिनानाथ शर्माले रातोपाटीलाई जानकारी दिए ।

प्रचण्डले वर्तमान सत्ता गठबन्धनलाई टिकाउँदै राष्ट्रपतिमा राष्ट्रिय सहमति जुटाउनतर्फ लाग्ने बैठकमा धारणा राखेको शर्माले भने ।

यस्तै बैठकमा एमाले अध्यक्ष केपी शर्मा ओलीसँगको भेटवार्ता, कांग्रेसका नेताहरुसँगको छलफललगायतका विषयमा पनि प्रचण्डले ब्रिफिङ गरेका थिए । कांग्रेसका नेताहरु आइतबार प्रचण्डसँग राष्ट्रपतिका बारेमा छलफल गर्न बालुवाटार पुगेका थिए । सो क्रममा उनीहरुले राष्ट्रपतिमा आफ्नो पार्टीले उठाउने उम्मेदवारलाई सहयोग गर्न आग्रह गरेका थिए । जवाफमा प्रचण्डले भने पार्टीमा छलफल गरेर निर्णय दिने जवाफ फर्काएका थिए ।

यहीबीचमा प्रचण्डले बैठकमा राष्ट्रपतिमा राष्ट्रिय सहमतिमा जोड दिएका हुन् । बैठकले सोहीअनुसार सहमति जुटाउन जिम्मा प्रचण्डलाई सुम्पिने निर्णय समेत गरेको छ । बैठकमा प्रचण्डले देशमा पश्चगामी शक्तिहरू सलबलाएको भन्दै क्रान्तिकारी शक्तिहरू सजग हुनुपर्नेमा पनि जोड दिएका थिए ।

'संसद् पाँच वर्ष जाने अवस्था छैन । विगतकै जस्तो विघटनको पुनरावृत्ति हुनसक्छ', प्रचण्डको भनाइ थियो, 'राष्ट्रपतिमा राष्ट्रिय सहमति गरेर जानुको विकल्प छैन ।'

उनले राष्ट्रपतिमा माओवादी केन्द्रका उम्मेदवार भने नहुने स्पष्ट गरेका थिए । 'उम्मेदवार हुने होइन । जुन पार्टीमा सहमति जुट्छ सोही अनुसार जाऔँ' प्रचण्डले बैठकमा ब्रिफिङ गर्दै भनेका थिए । राष्ट्रपति निर्वाचनको लागि आगामी फागुन १३ गते मनोनयन दर्ताको समय रहेको सन्दर्भमा दलहरुको सक्रियता बढेको छ । एमाले र कांग्रेसले राष्ट्रपति पद आफ्नो पक्षमा पार्न जुट्दै गर्दा माओवादी भने राष्ट्रिय सहमतिको पक्षमा उभेको हो ।

# जसपाको केन्द्रिय समिति विस्तार




मधेशदृष्टि
जनकपुरधाम, ८ फागुन । जनता समाजवादी पार्टीले केन्द्रीय समिति विस्तार गरेको छ ।

पार्टी कार्यालयमा दुई दिनसम्म चलेको कार्यकारिणी समितिको बैठकले मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव (बारा) र सुरेन्द्र कर्मी (पर्सा) लाई राजनीतिक समितिमा, ओमप्रकाश यादव (गुल्जारी) र सोमबहादर नेपाली (कास्की) लाई केन्द्रीय समितिमा र दलबहादुर लावती (पाँचथर) कर्णबहादुर लावती (पाँचथर) र बलराम महतो (धनुषा) लाई संघीय परिषद् सदस्यमा मनोनयन गरिएको प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए ।

त्यस्तै जोगीलाल यादव र प्रचण्डकुमार पौडेललाई ट्रेड युनियन तथा बौद्धिक पेसाकर्मी महासंघ संयुक्त संयन्त्रको उपप्रमुखको जिम्मेवारी दिइएको छ ।

बैठकले विधान अधिवेशनका लागि पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य प्रकाश अधिकारीको संयोजकत्वमा विधान अधिवेशन मूल व्यवस्थापन समिति गठन गरेको छ । समितिको सदस्यहरूमा विजय यादव, सुशीला श्रेष्ठ, लालबहादुर तामाङ, अर्जुन थापा, विद्युत् बज्राचार्य र न्हुच्छेलाल महर्जनलाई केन्द्रीय सदस्यमा मनोयन गरिएको छ ।

मूल व्यवस्थापन समितिले आवश्यकता अनुसार उपसमिति बनाउन सक्ने छ । विधान अधिवेशन चैत्र २७, २८ र २९ गते काठमाडौँमा गर्ने निर्णय गरेको छ ।

# प्रजातन्त्र सेनानी चन्द्रमान ताल्चाभँडेलको निधन

काठमाडौँ, ८ फागुन ।
प्रजातन्त्र सेनानी चन्द्रमान ताल्चाभँडेलको ८५औँ वर्षको उमेरमा निधन भएको छ । दम रोगबाट पीडित ताल्चाभँडेलको आफ्नै निवास कालिमाटीमा आज निधन भएको उहाँका भाइ नेपाली कांग्रेस सिन्धुपाल्चोकका नेता राजेन्द्रमान ताल्चाँडेलले जानकारी दिनुभयो । उहाँको आजै पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ ।

उहाँका एक छोरा र चार छोरी हुनुहुन्छ । विसं २०१३ सालमा भएको भद्र अवज्ञा आन्दोलनदेखि नै नेपाली कांग्रेसको राजनीतिमा सक्रिय हुनुभएका ताल्चाभँडेलले विसं २०१८ पछि राष्ट्रिय समाचार समिति (रासस)को सिन्धुपाल्चोक समाचारदाता भएर पनि काम गर्नुभएको थियो ।

जिल्लाकै पहिलो पत्रकारका रुपमा काम गर्नुभएका ताल्चाभँडेललाई नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा सिन्धुपाल्चोक र नेपाल प्रेस युनियन जिल्ला शाखाले पनि सम्मान गरेका थिए । विसं २०२५ पछि पूर्णरुपमा राजनीतिमै सक्रिय हुनुभयो । उहाँ विसं २०४३ मा प्रजातान्त्रिक समूहका तर्फबाट सिन्धुपाल्चोकको तत्कालीन नवलपुर गाउँ पञ्चायतको प्रधानपञ्च भएर काम गर्नुभएको थियो । ताल्चाभँडेलले विसं २०४९ र २०५४ मा पनि नवलपुर गाउँ विकास समितिको अध्यक्ष भएर काम गर्नुभएको थियो । ताल्चाभँडेल पछिल्लो समय नेपाल प्रजातन्त्र सेनानी सङ्घमा क्रियाशील हुनुहुन्थ्यो । रासस

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ । मनमा दुविधा उत्पन्न हुनेछ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ । जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । मेहनतीहरूका लागि दिन फलदायी रहनेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । भूमिबाट पनि लाभ रहला ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आस मारेको काम बन्न सक्छ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । प्रेम सम्बन्ध पनि कसिलो होला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ । आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।



म्याग्दीको बेनी नगरपालिका- ९ स्थित प्रसिद्ध धार्मिकस्थल गलेश्वरमा महाशिवरात्रीको अवसरमा भक्तजनले चढाएको भेटी गणना गरिँदै । महाशिवरात्री पर्वको अवसरमा शनिबार गलेश्वर शिवालयको दर्शन र पुजाआजा गर्न आएका भक्तजनबाट चढाएको रु ४ लाख ३५ हजार ३७ भेटी सङ्कलन भएको छ । *तस्बिर : कमल खत्री/रासस*

# जसपाको विधान संशोधन चैत २७ गतेदेखि

जनता समाजवादी पार्टी, नेपाल

मधेशदृष्टि
जनकपुरधाम, ८ फागुन । जनता समाजवादी पार्टी (जसपा) नेपालले आफ्नो विधान अधिवेशन आगामी चैतमा गर्ने भएको छ। बालकुमारीस्थित पार्टी कार्यालयमा आइतबारदेखि शुरु भएको कार्यकारिणी समितिको बैठकले विधान अधिवेशन चैतको २७ देखि २९ गतेसम्म गर्ने निर्णय गरेको हो ।

पछिल्लो राजनीतिक अवस्था, राष्ट्रपति, उपराष्ट्रपतिको चुनाव, विधान अधिवेशन, विभिन्न पार्टीसँग भइरहेको एकीकरण लगायतको विषयमा छलफल गर्न जसपाले आफ्नो कार्यकारिणी समितिको बैठक बोलाएको हो ।

उक्त बैठकमा पार्टीका अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा गठन भएको विधान संशोधन मस्यौदा समितिले आफ्नो काम गरिरहेको र उक्त समितिले अधिवेशनअघि प्रतिवेदन तयार गर्ने कार्यकारिणी सदस्य रामसहाय यादवले जानकारी दिए । यसैगरी फागुन २५ गते हुने राष्ट्रपतिको चुनावको विषयमा पनि बैठकमा छलफल भइरहेको छ ।

जनता समाजवादी पार्टी नेपाल पनि राष्ट्रिय सहमतिमा नै राष्ट्रपति बनोस् भने पक्षमा रहेकोछ ।

बैठकमा राष्ट्रपतिको चयन राष्ट्रिय सहमतिको आधारमा हुनुपर्ने र सोही लाइनमा जसपा पनि जाने कुरामा छलफल भएको बैठकमा सहभागी एक नेताले बताए । बैठकमा गत प्रतिनिधिसभा तथा प्रदेशसभा चुनावमा पार्टीभित्र भएको अन्तर्घातको विषयमा भइरहेको छानविन प्रतिवेदन चाँडै पेस गर्नुपर्ने विषयमा पनि छलफल भएको छ ।

जसपाले नेकपा (एकीकृत समाजवादी) पार्टी लगायत अन्य दलहरुसँग पनि पार्टी एकीकरणका लागि छलफल गरिरहेको छ ।

# रासायनिक मल खरिद गर्न थप ७ अर्ब ५० करोड सुनिश्चित

मधेशदृष्टि
काठमाडौं, ८ फागुन । चालु आर्थिक वर्षमा आवश्यक पर्ने रासायनिक मल खरिद गर्न अर्थ मन्त्रालयले थप ७ अर्ब ५० करोड रुपैयाँको स्रोत सुनिश्चित गरेको छ । रासायनिक मल खरिदका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको गरेको प्रस्तावमा अर्थ मन्त्रालयले सहमति दिएको हो । स्रोत सुनिश्चित मध्ये २ अर्ब ४० करोड रुपैयाँ कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि विनियोजन गरिएको बजेटबाट व्यवस्था गरिनेछ भने २ अर्ब ५० करोड रुपैयाँ आगामी आर्थिक वर्षको सिलिङमा समावेश गरिनेछ। २ अर्ब ६० करोड रुपैयाँ दायित्व सिर्जना भएपछि निकासा गरिने अर्थ मन्त्रालयले जनाएको छ। रासायनिक मल खरिद गर्न चालु आर्थिक वर्षका लागि १५ अर्ब रुपैयाँ विनियोजन गरिएको थियो। रासायनिक मल खरिदका लागि अर्थ मन्त्रालयले थप १६ अर्ब रुपैयाँको स्रोत सुनिश्चित गरेको थियो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको माग अनुसार पुनः थप स्रोतको व्यवस्था गरिएको हो ।

रासायनिक मल खरिद र आपूर्ति व्यवस्था सहज गर्ने सम्बन्धी उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अघिल्लो साता कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वालाकुमारी साह, कृषि विकास सचिव गोविन्दप्रसाद शर्मा लगायतसँग छलफल गरेका थिए । सो अवसरमा अर्थमन्त्री पौडेलले रासायनिक मल खरिदका लागि स्रोतको समस्या नहुने बताउँदै अबिलम्व आवश्यक प्रकृया सुरु गर्न आग्रह गरेका थिए।

## संक्षेप समाचार

### कष्टकर जीवन व्यतित गर्ने युवकलाई आश्रमद्धारा उद्धार

मधेशदृष्टि, वीरगंज, ८ फागुन ।
वीरगन्जको सडकमा कष्टकर जीवन व्यतित गरिरेहका एक युवकलाई मानव सेवा आश्रमले उद्धार गरेको छ।
वीरगन्जको मुर्ली चोक स्थित ढलको छेउमा लामो समय देखि बस्दै आएका मानसिक अवस्था कमजोर भएका अन्दाजी ३५ वर्षिय युवकलाई आश्रमले आइतबार राति उद्धार गरेको हो । फोहोर ढलकै छेउमा अत्यन्त कष्टपूर्ण अवस्थामा बस्दै आएका ती युवकलाई आश्रमको टोलीले सामाजिक अभियन्ता र प्रहरीको सहयोग राति उद्धार गरि आश्रममै लगेर राखेको छ।
उद्धार गरिएका ती युवकको मानसिक अवस्था ठिक नरहेकाले उनले आफनो नाम ठाउं पनि बताउन नसकेको आश्रमका मधेस प्रदेश संयोजक देवेश गुप्ताले बताए ।यसअघि गत सोमबार भ्यालेनटाइन डे का दिन पनि वीरगन्जमै रात्री गस्ती गरेर आश्रमको टोलीले खुल्ला आकाशमुनि कष्टकर जीवन विताइरहेका दुई जनाको उद्धार गरेको थियो । ती दुवै जनालाइ पनि आश्रमकै संरक्षणमा राखिएको छ।
वीरगन्ज महानगरपालिका वडा नम्बर २५ सिर्सिया छोटी भन्सार स्थित मानव सेवा आश्रममा हाल १ जना बालक, ३ जना बालिका, ७ जना पुरुष सहित ५२ जना आश्रित छन् ।

### समुह र क्लोथ बैंकद्धारा मिथिला परिक्रमामा शिविर संचालन

मधेशदृष्टि
जनकपुरधाम, ८ फागुन । नेपाल भारत खुला सिमा संबाद समूह र क्लोथ बैंक नेपालको संयुक्त आयोजनामा मिथिलाको महाकुम्भ मानिने मिथिला परिक्रममामा शिविर संचालन गरेको छ।
हिन्दु धर्मावलम्बीहरुको आस्थाको केन्द्र मिथिला मध्यमा परिक्रमाको सोमवार पहिलो दिन हनुमानगढी जनकपुरधाममा साधुसंन्त,महात्मा तथा श्रद्धालु भक्तजनहरुको सुबिधालाइ ध्यानमा राखी शिविर संचालन गरिएको संस्थाले जनाएको छ।
समुहका कार्यालय सचिब कृष्ण कुमार साहको अध्यक्षतामा स्थापना गरिएको हेल्प डेस्कमा प्राथमिक उपचार सहित चिया र पानीको ब्यबस्था गरिएको छ।
नेपाल भारत खुला सीमा सम्वाद समुहका सहसचिव रामजी रायका अनुसार ओढ्ने र बिछाउन गार्हो भएको साधुसन्तहरुकालागि कम्बल र झुल समेत बितरण गरिएको छ।
उक्त हेल्प डेस्कमा जिल्ला समन्वय समितिको सभापति राजनन्दन मण्डल,जनकपुरधाम उपमहानगरपालिकाको उपमेयर किशोरी साह,तमलोपाकी नेत्री बिभा ठाकुर,क्लोथ बैंकको कोषाध्यक्ष रुबि झा,सचिब मनिष श्रीओम,नेपाल तरुण दलको नेता राकेश बिक्रम साह,धनेश्वर ठाकुर,पारस ठाकुर,सुनिल कुमार गुप्ताको सहभागीतामा संचालन गरिएको थियो ।
संस्थाले भारतमा पनि परिक्रममाको पडावमा विभिन्न ठाउमा हेल्प डेस्कको स्थापना गरेको र परिक्रमा यात्रीलाई सुविधाको सम्पुर्ण खयाल गरिने समुहका संयोजक राजीव झाले जानकारि दिएका छन् ।

### धनुषामा १२ फरार प्रतिवादी पक्राउ

मधेशदृष्टि, जनकपुरधाम, ८ फागुन ।
विभिन्न मुद्दाका फरार १२ जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय धनुषा र इलाका प्रहरी कार्यालय यदुकुवा, औरही तथा प्रहरी चौकी धनौजीबाट खटेको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो ।
जिल्लाका विभिन्न स्थानहरूबाट विभिन्न मुद्दामा फरार रहेका १२ जना फरार प्रतिवादीलाई एकैदिन पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेद प्रकाश गौतमले जानकारी दिए । पक्राउ परेका उनीहरूलाई आवश्यक कारबाहीका लागि जिल्ला अदालत धनुषामा उपस्थित गराइएको डीएसपी गौतमले बताए ।

# जनसेवामुखी भएर काम गर्न सभामुख मण्डलको आग्रह



मधेशदृष्टि
जनकपुरधाम, ८ फागुन । मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले नीजि हस्पिटलले व्यवसायमुखी भन्दा जन सेवामुखी भएर काम गर्न आग्रह गरेका छन् ।
सोमबार जनकपुरधाम स्थित मैक्स लाईफ हस्पिटलमा पूर्वाञ्चल क्यान्सर होस्पिटलद्वारा आयोजित गरेको निःशुल्क स्वास्थ्य शिविरको उद्धाटन गर्दै सभामुख मण्डलले नीजि होस्पिटलले व्यवसायसँग सँगै समाजका लागि पनि सेवा गर्नेगरी काम गर्न गरेका हुन् ।
उनले समाजमा नीजि क्षेत्रका संस्थाले समाजबाट व्यवसायिक रुपमा लाभ लिदैं समाजप्रतिको दायित्व बिर्सिदाँ नाकारात्मक विचारको विकास हुन जान्छ त्यसैले जनसेवामुखी भएर समेत काम गर्न आवश्यक रहेको कुरामा जोड दिए।
सभामुख मण्डलले भने, ' अहिले समाजमा होस्पिटल, नीजि बैंक, नीजि विद्यालय, होटेललगायतका संस्थाहरु जथाभावीरुपमा खोलिएपनि समाजमा उनीहरुको लगानी नहुदाँ समाजप्रतिको दायित्व भन्दा पनि नाफामुलक व्यवसायीले समाजमा नकारात्मक सोचको विकास भईरहेको छ।'
उनले अघि थप्दै भने, 'ती नीजि संस्थाहरुले समाजप्रतिको उत्तरादायित्वका लागि समाज विकासोन्मुख कार्यहरुमा लगानी गर्नुपर्ने र सेवाभावले कम मूल्यमा जनतालाई सेवा दिनुस् ।'
पूर्वाञ्चल क्यान्सर होस्पिटलले जनकपुरधाममा आएर क्यान्सरको रोगीहरु पत्ता लगाउने कार्य सराहनीय रहेको बताउँदै उनले सेवाभावले काम गर्नु समाजप्रति कर्तव्यबोध समेत रहेको बताए।
सो स्वास्थ्य शिविरमा पूर्वाञ्चल क्यान्सर होस्पिटल तथा विएनसि मेडिकल कलेजका निराजन प्रसाई, मैक्स लाईफका मेडिकल डाइरेक्टर कृष्णकुमार साह, पूर्वाञ्चल क्यान्सर होस्पिटलका मेडिकल डाइरेक्टर वीरेन्द्र यादव लगायतका वक्ताहरुले पनि आ आफ्ना धारणा राखेका थिए।
सो निशुल्क स्वास्थ्य शिविरमा विभिन्न रोगका ११० जना बिरामीले चेकजाँच गराएका छन । सो शिविरमा वरिष्ठक्यान्सररोगविशेषज्ञहरुद्वारा पाठेघरको क्यान्सर, नाक, कान, घाँटी, मुखको क्यान्सर, स्तन क्यान्सर र बालबालिकाको क्यान्सर सम्बन्धी चेकजाँच गरिएको जनाइएको छ।

# पर्सागढीमा तीन महिने सिलाइकटाई तालिम




मधेशदृष्टि, वीरगंज, ८ फागुन ।
महिलाहरुलाई स्वरोजगार बनाउने उद्देश्यले पर्साको पर्सागढी नगरपालिकाको वार्ड नं ५ मा सोमवारबाट ३ महीने सिलाई कटाई तालिम सञ्चालन गरिएको छ । पर्सागढी नगरपालिकाको आयोजनामा भएको सिलाई कटाई तालिममा विशेष गरी विपन्न वर्गका दलित समुदायका महिलाहरुलाई सिलाई कटाई तालिम दिईएको पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले बताउनु भयो । उहाँले तालिम सिकेका महिलाहरुलाई प्रोत्साहन स्वरुप नगरपालिकाका तर्फबाट सिलाई कटाई मेसिन समेत निःशुल्क उपलब्ध गराइने बताए । धनञ्जय चौधरीको अध्यक्षतामा भएको तालिमको सोमवार एक कार्यक्रमका विच पर्सागढी नगरपालिकाका नगरप्रमुख पाठकले उदघाटन गरेका थिए । कार्यक्रममा उनले सीप सिकेर आत्मनिर्भर बन्न तालिममा सहभागीहरुलाई शुभकामना व्यक्त गरे । विपन्न वर्गका दलित समुदायका १६ जना महिलाहरुलाई स्वरोजगार बनाउन पहिलो चरणमा ३ महिने तालिम दिईएको र उनिहरुलाई सिलाई मेसिन समेत नगरपालिकाले उपलब्ध गराउने भएपछि महिलाहरु आत्मनिर्भर बन्न सक्ने अपेक्षा नगरपालिकाले लिएको नगर प्रमुख पाठकले बताए।

# स्वविय् निर्वाचनका लागि नेविसंघको कमिटी गठन



मधेशदृष्टि , जनकपुरधाम, ८ फागुन ।
आगामी चैत्र ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनका लागि विद्यार्थी संगठनहरु तयारी तिव्र पारेका छन् ।
सोही क्रममा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल निकट लोकतान्त्रिक विद्यार्थी संघले सोमबार जनकपुरधाममा निर्वाचनलाई केन्द्रित गर्दै कमिटी गठन गरेको हो । त्रिभुवन विश्वविद्यालयको विभिन्न कलेजहरुमा हुने स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनलाई मध्यनजर गर्दै जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-८ स्थित राजर्षि जनक विश्वविद्यालयमा लोकतान्त्रिक विद्यार्थी संघका सभापति सुशान्त यादवको नेतृत्वमा ५१ सदस्यीय कमिटी गठन गरिएको छ।
लोकतान्त्रिक विद्यार्थी संघका नगर अध्यक्ष अमित ठाकुरले स्ववियु निर्वाचनका लागि लोसपा नेपालको भातृ संगठन 'लोकतान्त्रिक विद्यार्थी संघ' लाई आवश्यक तयारी गर्न र विशेष रुपमा सक्रिय भई चुनाव जिताउनका लागि निर्देशन पाएबमोजिम आफूहरु तयारीमा जुटेको जानकारी दिए।
लोकतान्त्रिक समाजवादी पार्टीको गाँउपालिका/ नगर/महानगर/ जिल्ला/प्रदेश समिति तथा पार्टीका सम्पूर्ण नेता/कार्यकताहरुलाई विद्यार्थी चुनाव सम्बन्धी योजना एवम् कार्यक्रम तय गरी लोकतान्त्रिक विद्यार्थी संघका साथिहरुसँग समन्वयको साथै आवश्यक पहल र सहयोगका लागि पार्टीले जारी गरेको परिपत्र अनुसार निर्वाचनमा केन्द्रित भएको उनले बताए। सोमबारको कार्यक्रममा लोसपा नेपाल धनुषाका सह-सचिव सुनिल श्रेष्ठ (सानु), लोकतान्त्रिक युवा संघ धनुषाका अध्यक्ष प्रशान्त झा, कार्यवाहक अध्यक्ष त्रिदेव मिश्रालगायतकाहरुको उपस्थिती रहेको थियो ।

# प्रियंकाको हत्या आरोपमा उनका श्रीमान सहित ३ पक्राउ

मधेशदृष्टि
विराटनगर, ८ फागुन । विराटनगर महानगरपालिका-१९ कि २८ वर्षीया प्रियंका सुनार हत्या आरोपमा प्रहरीले उनका श्रीमान सहित ३ जना पक्राउ गरेको छ।
सो घटनामा प्रियंकाका श्रीमान रमेश साह र कटहरी गाउँपालिका-५ का रमानन्द राम र कटहरी गाउँपालिका-५ का उमेश सरदारलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता डीएसपी टीकाबहादुर कार्कीले जानकारी दिए।
यी बाहेक अन्य व्यक्तिलाई पनि सोधपुछका लागि बोलाइएको उनले बताए। प्रारम्भिक अनुसन्धानका क्रममा रमानन्द शव व्यवस्थापनमा संलग्न भएको देखिएको र त्यस क्रममा उमेशको गाडी प्रयोग भएको पाइएको डीएसपी कार्कीको भनाइ छ। घटनाको विभिन्न कोणबाट अनुसन्धान भइरहेको भन्दै उनले वास्तविकता पत्ता लाग्न समय लाग्ने बताए । प्रियंकाको शव मोरङको बूढीगंगा गाउँपालिका-२ अमाहीस्थित नरसिंह चौधरीको ग्वालीमा बोराभित्र फेला परेको थियो। आइतबार दिउँसो १२ बजेतिर शरीरभरि चोटपटक रहेको शव भेटिएपछि नरसिंहमाथि पनि प्रहरीले सोधपुछ गरिरहेको छ। शव व्यवस्थापनका लागि उपयुक्त स्थलको खोजी गर्दै नरसिंहको घरसम्म प्रियंकाको शव लगेको देखिएको प्रहरीले बताएको छ । प्रहरीले शव पोस्टमार्टमका लागि कोसी अस्पतालमा राखिएको छ।

# दलितलाई किन उपेक्षा ?

*कर्णाली प्रदेशका भौतिक पूर्वाधार राज्यमन्त्री उर्मिला विश्वकर्माले प्रदेश सरकारमा आफ्नो उपस्थितिलाई महिला र दलितको प्रतिनिधित्व ढोकाबाट छिर्न नसकेपछि राज्यमन्त्री पदमार्फत झ्यालबाट भित्र पसेको स्वःटिप्पणी गरिन । मधेश प्रदेशमा त झ्याल पनि थुनिएको देखियो । कतै कथित उच्चजातका नेता तथा नीतिनिर्माताहरूको सोचमा कञ्जुस्याइँ र व्यवहारमा कठोरताको कारण त यी सब भइरहेको छैनन् ? एकपटक सबैले सोच्नैपर्ने बेला आएको छ*



**– कृष्ण कुमार साह**

हालै मधेश प्रदेशको सरकारले पूर्णताप्राप्त गरेको छ । मुख्यमन्त्री सरोजकुमार यादवले तीन चरणमा मन्त्रिपरिषद्लाई पूर्णता दिन सफल भएका छन् । मुख्यमन्त्री सहित ११मन्त्री र ४ राज्यमन्त्री गरी जम्मा १५ सदस्यीय मन्त्रीमण्डल बनेको छ । राजनीतिक दलको हिसावले प्रदेश सरकारमा चार दलको उपस्थिति छ : जनता समाजवादी पार्टी, नेकपा एमाले, जनमत पार्टी र नेकपा माओवादी । नेपालको संविधान २०७२ लागू भएदेखि दोस्रो पटक तीनै तहको चुनाव सम्पन्नभई सरकार निर्माण समेत भइसकेको छ । मधेश प्रदेशको सरकारमा महिलालाई पहिलो पटक क्याबिनेट स्तरीय मन्त्री बनाइएको छ भने दलित समुदायले अहिलेसम्म राज्यमन्त्री समेत पाउन सकेको छैन । आधिकारिक रूपमा मधेशप्रदेशमा १८ प्रतिशत दलित समुदायको जनसङ्ख्या रहेको छ तर दलित अधिकारकर्मीहरूले २० प्रतिशत आफ्नो समुदायको जनसङ्ख्या रहेको दाबी गर्छन् ।

मधेश सरकारलगायत अन्य धेरै प्रदेशमा दलित समुदायको उपस्थिति नरहेको चर्चासँगै सङ्घीय सरकारमा पनि दलित समुदायको प्रतिनिधित्व नहुनु एकदमै दुखद अवस्थाहो ।न्याय, समानता, स्वतन्त्रता र सम्मानजनक जीवनका खातिर दलितलगायत अन्य पछाडि परेका/पारिएका समुदायहरू१० वर्षे जनयुद्धमा होमिएका थिए । पहिचान र समावेशीताकोलागि अनेकौं पटक भएका मधेशमा आन्दोलनहरूमा दलितहरूको पनि सक्रिय सहभागीता थियो । जनयुद्ध हाकेका नेता काठमाण्डौमा र मधेस आन्दोलन हाँकेका पार्टी जनकपुरमा सत्ताको नेतृत्व गर्दैछन् । अब कुन दलका नेता वा कस्तो राजनैतिक परिवेशमा दलितहरूले आश गर्ने ?

**दलित भित्र मधेशीजात**

भारतको संविधानका मस्यौदाकार तथा प्रसिद्ध दलित नेता डा. भीमराव अम्बेडकरले सन् १९२७तिर अछूत मानिएका धेरै जातलाई एउटै शब्दबाट परिभाषित गर्न अर्थात अछूतहरूको साझा पहिचानको लागि दलित भन्ने शब्दको प्रयोग गरेका थिए । भारतमा दलित आन्दोलनको नेतृत्व गर्दै गर्दा डा. अम्बेडकर २०१३ सालमा चौथो विश्वबौद्ध सम्मेलनको क्रममा नेपाल आएर 'बुद्ध र कार्ल मार्क्सबारे प्रवचन दिएका थिए । त्यसको एक दशकपछि २०२४ सालमा 'नेपाल राष्ट्रिय दलित जन विकास परिषद्'को गठनसँगै नेपालका अछूतहरूको सङ्गठनको नाममा पहिलो चोटि दलित शब्दको प्रयोग भएको थियो । आहुतिकादअनुसार 'दलित'शब्दको प्रयोग कुनै गैरदलितबाट भएको होइन, बरु आत्म सम्मान प्राप्तिकालागि आवश्यक सामूहिक पहिचान बनाउन यसको सदुपयोग भएको बुझिन्छ । त्यसपश्चात् नेपालमा 'दलित'शब्द दलित आन्दोलन लगायत विभिन्न राजनीतिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा स्थापित भयो ।

राष्ट्रिय दलित आयोगको दलित जातीय अनुसूची विवरणमा "हिन्दू वर्णाश्रम जातिव्यवस्था, वि.सं. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने जातजाति भनी जातीय भेदभाव एवं समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक तथा धार्मिक रूपमा राज्यको मूलप्रवाहबाट पछाडि पारिएका जातजातिका समुदायलाई दलितवर्ग"भनेर परिभाषित गरिएको छ । सो अनुसूची विवरणमा :कलर, ककैहिया, कोरी, खटिक, खत्वे (मण्डल, खँग), चमार (राम, मोची, हरिजन, रविदास), चिडिमार, डोम (मरिक), तत्मा (ताँती,दास), दुसाध (पासवान, हजरा), धोवी (रजक, हिन्दु), पासी, बाँतर, मुसहर, मेस्तर (हलखोर), सरभँग (सरवरिया), नटुवा, ढाँडी र धरिकर/धन्कार गरी जम्मा १९ जातजातिलाई मधेशीदलितमा घोषित गरिएका छन् ।

**प्रतिनिधिसभा र सङ्घीय सरकार**

नेपालको राज्यपुर्नसंरचना पश्चात बनेको मधेश प्रदेशमा कुल ३२ वटा प्रतिनिधिसभा र ६४ वटा प्रदेशसभा निर्वाचन क्षेत्रहरू छन् । ३२ सीटको प्रतिनिधिसभामा न त २०७४को निर्वाचनमा नत २०७९ को निर्वाचनमा कोहि पनि दलित समुदायबाट निर्वाचित हुन सकेका छन् ।अहिले नेपालभरिमा जम्मा१० जनादलित प्रतिनिनिधिसभा सदस्यहरूमात्र छन् । यो सङ्ख्या २०७४ को निर्वाचन भन्दा धेरै कम छ । निर्वाचन आयोगको प्रतिवेदन अनुसार २०७४ सालमा १६ जनादलित समुदायको उपस्थिति प्रतिनिधिसभामा थियो । अहिलेको १० प्रतिनिधिसभा सदस्यमध्ये एक जना प्रत्यक्ष निर्वाचन प्रणालीबाट आएका छन् भने नौ जना समानुपातिकतर्फबाट । र जनसङ्ख्याको हिसाबले ठूलो हिस्सा ओगटेको मधेशी दलितमध्ये एकजना प्रभु हजरा दुसाध( समावेशीतर्फबाट) मात्र मधेशी दलित हुन ।प्रतिनिधिसभामा नगन्य सङ्ख्यामा रहेको मधेशी दलितको पहुँचलाई सङ्घीय सरकारमा असम्भव बनाइएको छ । मधेशी दलित समुदायबाट पहिलो संविधानसभा सदस्यमा सिरहाका महेन्द्र पासवान प्रत्यक्षबाट निर्वाचित भएका थिएभने दोस्रो संविधानसभामा महोत्तरीका रामदयाल मण्डल । त्यसउपरान्तका प्रतिनीधिसभाहरूमा कोही मधेशी दलित प्रत्यक्ष प्रणालीबाट निर्वाचित हुन सकेका छैनन् ।

**प्रदेशसभा र प्रदेश सरकार**

मधेश प्रदेशमा यसपालिको निर्वाचनबाट ५ जनादलित समुदायबाट प्रदेशसभामा पुगेका छन् जुन सङ्ख्या अघिल्लो भन्दाकम छ । अघिल्लो प्रदेशसभामा जम्मा७ जनाप्रदेश सांसदहरू दलित समुदायबाट थिए ।पहिलो पटक र दोस्रो पटक पनि एक एकजना प्रत्यक्षबाट निर्वाचित भएका छन् भने बाँकी समानुपातिक निर्वाचन प्रणालीबाट । पहिलो पटक बारा जिल्लाबाट सुन्दर बहादुर विश्वकर्मा निर्वाचित भएकाथिएभने यसपटक धनुषा जिल्लाबाट लखन दास । दलगत हिसाबमा दुवैजना नेकपा एमालेसँगै आवद्ध छन् । मधेश प्रदेशमा कैयौं पटक मन्त्री मण्डल गठन र पुर्नगठन भएका छन् तर आजसम्म कुनै पनि मन्त्रिमण्डलमा दलित समुदायका सांसदहरू समावेश हुन सकेका छैनन् ।

**स्थानीय सरकार**

नेपालमा रहेका सात प्रदेश मध्ये सबैभन्दा बढी जनसङ्ख्या मधेश प्रदेशको छ भने सातै प्रदेशमध्ये सबभन्दा कम जिल्ला (आठ वटा मात्रै) भएको प्रदेश पनि यहि नै हो । मधेशमा एक महानगरपालिका, तीन उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाँउपालिका गरी जम्मा १३६ वटा पालिकाहरू छन् । १३६ वटै पालिकामध्ये एक पालिका प्रमुख(वेचन दास, धनुषाको विदेह नगरपालिका) मात्रै दलित समुदायका छन् । यसरी अघिल्लो पटक उहाँसँगै सिरहा करजनहामा गंगापासवान गरी दुई पालिका प्रमुख दलित समुदायका थिए । मधेशमा १८प्रतिशतभन्दा बढी जनसङ्ख्यामा रहेको दलित समुदाय पालिका प्रमुखमा एक प्रतिशत भन्दाकम प्रतिनिधित्व हुने अवस्थाले नेपालको संविधान २०७२ ले प्रदत गरेको समावेशी शासनको दिसालाई कता धकेलिरहेको छ त्यो मनन् योग्य तथा चिन्ताको विषय रहेको छ । यसरी नै पालिका उपप्रमुखलाई केलाउँदा १३६ पालिका उपप्रमुखमध्ये दुईजनादलित समुदायबाट प्रतिनिधित्व गरेका छन् ।अघिल्लो पटक ६ जना उपप्रमुखहरू जितेका थिए । समावेशिताको अवधारणाले पींधमा रहेका दलित समुदायको राज्यमा उपस्थिति उभो लाग्नुपर्ने भन्दा पनि झन ओरालो लागेको तथ्याङ्कले बताउँछ। जनतालाई सबभन्दा नजिकबाट सेवाप्रवाह गर्ने राज्यको तल्लो निकाय वडा कार्यालय हो । मधेशप्रदेशमा १२७१ वडा मध्ये ३३ जनामात्र दलित समुदायबाट वडा अध्यक्षमा निर्वाचित भएका छन् । यस अघि २०७४ सालमा४८ जनादलित वडा अध्यक्षहरू थिए ।

> "मधेशमा १८प्रतिशतभन्दा बढी जनसङ्ख्यामा रहेको दलित समुदाय पालिका प्रमुखमा एक प्रतिशत भन्दाकम प्रतिनिधित्व हुने अवस्थाले नेपालको संविधान २०७२ ले प्रदत गरेको समावेशी शासनको दिसालाई कता धकेलिरहेको छ त्यो मनन् योग्य तथा चिन्ताको विषय रहेको छ । यसरी नै पालिका उपप्रमुखलाई केलाउँदा १३६ पालिका उपप्रमुखमध्ये दुईजनादलित समुदायबाट प्रतिनिधित्व गरेका छन् । अघिल्लो पटक ६ जना उपप्रमुखहरू जितेका थिए । समावेशिताको अवधारणाले पींधमा रहेका दलित समुदायको राज्यमा उपस्थिति उभो लाग्नुपर्ने भन्दा पनि झन ओरालो लागेको तथ्याङ्कले बताउँछ ।

**अन्त्यमा**

२००७ सालदेखि २०४६ साल हुँदै माओवादी जनयुद्ध, २०६२/६३ सालको बृहत् जनआन्दोलन, २०६३ सालदेखि २०७२ सालसम्म मधेश आन्दोलनमा मधेशका दलितहरूको सक्रिय सहभागिता रहँदै आएको छन् । राजनीतिक दल तथा संस्थाहरूले पनि दलितलाई आन्दोलनमा होम्न र आफ्नो मतदाताको सङ्ख्या बढाउन सबै क्षेत्र र निकायमा समान पहुँच र समानुपातिक सहभागिताको नारा दिँदै आएका छन् । यतिहुँदाहुँदै पनि राजनीतिक नारा र दलहरूको संरचना र नेताहरूको व्यवहारबीच ठूलो खाडल देखिएको छ । गत साता सम्पन्न कर्णाली महोत्सवमाँदलितदलिल सत्रमा कर्णाली प्रदेशका भौतिक पूर्वाधार राज्यमन्त्री उर्मिला विश्वकर्माले प्रदेश सरकारमा आफ्नो उपस्थितिलाई महिला र दलितको प्रतिनिधित्व ढोकाबाट छिर्न नसकेपछि राज्यमन्त्रीपदमार्फत झ्यालबाट भित्र पसेको स्वःटिप्पणी गरिन । मधेश प्रदेशमा त झ्याल पनि थुनिएको देखियो । कतै कथित उच्चजातका नेता तथा नीतिनिर्माताहरूको सोचमा कञ्जुस्याइँ र व्यवहारमा कठोरताको कारण त यी सब भइरहेको छैनन् ?एकपटक सबैले सोच्नैपर्ने बेला आएको छ ।

(त्रिविविबाट समाजशास्त्रमा एमफील गरेका साहहाल नेपालमधेश फाउण्डेशनसँग आवद्ध छन् ।)

## सम्पादकीय

# अपराधका आँकडामा सुधार आवश्यक

हत्या, बलात्कार जस्ता जघन्य अपराधबाट हाम्रो समाज अझै पनि ग्रसित देखिन्छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को पछिल्लो प्रतिवेदनमा समावेश भएका तथ्याङ्कले मधेश प्रदेशका आठ जिल्लाको अवस्थामा धेरै सुधार हुनुपर्ने देखाउँछ । तथ्याङ्क अनुसार सन् २०२१ मा २ सय ३४ बलात्कारका घटना भएका छन् । अघिल्लो वर्ष २२९ वटा बलात्कारका घटना भएका थिए । यो संख्या अघिल्लो वर्षको तुलनामा ५ ले कम हो । उता हत्याका घटनामा भने पोहोरको तुलनामा बढेको छ। अग्रेजी वर्षलाई आधार मानेर प्रकाशित प्रतिवेदनमा सन् २०२२ मा ९१ जनाको हत्या भएको औल्याइएको छ। अघिल्लो वर्ष यसै अवधिमा ७४ जनाको हत्या भएको थियो । हत्यातर्फ गतवर्षको तुलनामा १७ वटा बढेको छ।

इन्सेकको दुई वर्षको तथ्याङ्कलाई केलाउँदा वर्ष २०२२ मा बालबालिका १६२ र महिला ६७ जना बलात्कार घटनाका पीडित रहेका छन् । सन् २०२१ मा बालबालिका १५६ र महिला ७८ जना बलात्कृत भएका थिए । तथ्याङ्कबाट बलात्कारमा सबै भन्दा धेरै बालबालिका पीडित बनेका छन् । बलात्कार आफैमा जघन्य अपराध हो, त्यसमा पनि बालबालिका त्यसको शिकार हुनु भनेको समाजमा दानवीय चरित्रका मानिसहरुको उल्लेख्य उपस्थिति रहेको मान्नुपर्ने हुन्छ । तुलनात्मक रुपमा हेर्दा दुई वर्षमा महोत्तरी, सर्लाही, रौतहट र बारामा बलात्कारका घटना बढेका छन् भने सप्तरी, सिरहा, धनुषा र पर्सामा घटेका छन् । यसको अर्थ नियन्त्रण भयो भन्न मिल्दैन । घट्न थालेको प्रवृति बढ्न नपाओस भन्ने कुरामा सरोकारवाला निकाय सचेत हुनु आवश्यक छ। हत्या र बलात्कार जस्ता घटना बढ्नुको प्रमुख कारण समाजमा चेतना, शिक्षाका कमी मानिन्छ । त्यसबाहेक कानूनको कडा पालना नहुँदा पनि यस्ता अपराध बढ्दै जाने हुन्छन् । समाजमा अहिले पनि ठूलो संख्याका बालबालिका स्कुल शिक्षाबाट बाहिर छन् । ४, ५ सम्मको स्कुल शिक्षा पछि स्कुल छोड्ने प्रवृति झन डरलाग्दो छ । आवारापन, कानूनको भय नहुनु र समाज, परिवारको नियन्त्रण बाहिर भएकाहरु बलात्कारजन्य अपराधमा संलग्न हुने गरेको देखिन्छ ।

बलात्कारका घटनालाई पनि समाजमा डर, त्रास र प्रलोभनको बलमा मिलाउने गर्ने गरेको पाइन्छ । फौजदारी अभियोग लागेर कानून अनुसार सजाय हुनुपर्नेहरुलाई समाजले छिनोफानो गरेर चोख्याउने प्रवृतीले दण्डहीनता प्रोत्साहित हुनेहुन्छ । शहरीकरण, भौतिक विकाससँगै कतिपय अपराधहरु समाजमा अर्न्तीतिहित हुन्छन् । अपराध पूर्णरुपमा निर्मुल गर्न संम्भव छैन । तर, नियन्त्रणका योजनाहरु अख्तियार गरेर अपराधका घटनामा कमी ल्याउन नसकिने होइन । हाम्रो समाजको सबै भन्दा तल्लो सरकार भनेको स्थानीयतह अर्न्तगतको वडा कार्यालय हो । सामाजिक विकासको क्षेत्रमा ठूलो बजेट छुट्याएको हुन्छ प्रत्येक वर्ष । वडा कार्यालयहरुले बलात्कार, हत्याजस्ता अपराधका विरुद्धमा चेतनामूलक अभियानको कार्यक्रम संचालन गर्नुपर्ने आवश्यकता देखिएको छ । वडा कार्यालयहरुले आफ्नो वडामा बसोबास गर्ने सबैको व्यक्तिगत विवरण राख्ने र प्रहरीसँगको समन्वयमा नियन्त्रणका कार्यक्रम चलाउन सकियो भने त्यो प्रभावकारी हुनसक्छ । प्रहरीले घटना भैसकेपछि अपराधी नियन्त्रण गर्ने भन्दा आआफ्नो एरियामा अपराधमा संलग्न हुनसक्नेहरुको विवरण राख्ने र त्यस्ता व्यत्तिहरुमाथि निगरानी बढायो भनेपनि धेरै हदसम्म नियन्त्रण हुनेहुन्छ । कतिपय हत्याका घटना घरायसी झैझगडामा भएको देखिन्छ । आवेशमा आएर अधिक कुटपिटका कारण मृत्यु भएका घटना पनि छन् । कतिपय घटनामा अमानवीय तरिकाले आगो लगाउने लगायतका यातना पनि सुन्नमा आउँछन् ।व्यक्तिगत झगडामा लोकल पेस्तोलको प्रयोग भएको पनि पाइन्छ ।

# प्रजातन्त्रसँगै खुलेको अभिव्यक्ति स्वतन्त्रताको ढोका

*जहाँ प्रजातन्त्र छ त्यहाँ मात्र प्रेस स्वतन्त्रता सम्भव छ । लोकतान्त्रिक शासन प्रणालीको अनुपस्थितिमा स्वतन्त्र प्रेस कल्पनामात्रको विषय होला तर यथार्थ बन्न सक्दैन । त्यसैले २००७ सालको प्रजातन्त्रपछि मात्र मुलुकमा स्वतन्त्र प्रेसको शिलान्यास भएको हो । मुलुकमा अहिले अभ्यास गर्न सकिएको आधुनिक पत्रकारिताको जग नै २००७ देखि २०१७ को प्रजातन्त्रको दशकमा बसेको हो ।*

**– एकराज पाठक**

विसं २००७ फागुन ७ गते नेपालमा प्रजातन्त्रको उदय भएको भोलिपल्टै राजधानी काठमाडौँबाट पहिलो दैनिक पत्रिका प्रकाशन भयो । देशवासीले प्रजातन्त्र प्राप्त गरेको २४ घन्टाभित्रै निजी क्षेत्रबाट अर्थात् कुनै व्यक्तिको पहलकदमीबाट दैनिक पत्रिका प्राप्त गर्नुलाई सामान्यरूपमा मात्र लिन सकिँदैन । त्यस समयका युवाकवि शिद्धिचरण श्रेष्ठले 'आवाज' नामको दैनिक पत्रिका विसं २००७ फागुन ८ गते प्रकाशन गर्नुभएको थियो । यो नै नेपालको पहिलो दैनिक पत्रिका हो ।

यसअघि गोरखापत्र दैनिकरूपमा प्रकाशित थिएन । अरु पत्रिकाहरू साप्ताहिक र अधिकांश मासिकरूपमा प्रकाशन हुने गर्दथे । मुलुकमा राणा शासन थियो । राणा शासनको प्रकृति र नागरिकले के–कस्ता सेवा सहुलियत या अधिकार प्राप्त गरेका थिए भन्ने कुराको दृष्टान्त त यहाँ प्रस्तुत गर्नु परोइन । राणा शासन भनेपछि हाम्रो मानसपटलमा आइहाल्ने एउटा स्मृति हो- क्रुर र निरंकुश । नागरिकले त्यस शासनका विरुद्धमा बोल्न र आफ्ना विचार अभिव्यक्त गर्न पाउँदैनथे । त्यस्तो शासन ढलेर मुलुकले प्रजातन्त्र प्राप्त गरेको २४ घन्टाभित्रै कुनै युवाले दैनिक पत्रिका प्रकाशन गर्न कसरी सम्भव भयो त ? उनीहरू त्यस्तो जहानियाँ शासनका समयमा पनि दैनिक पत्रिकाको तयारी कसरी गर्न सकेका थिए ? कल्पना गरौँ, एक सय चार वर्षसम्म थुनेर राखिएको कुनै खोलाको बाँध फुट्दा एकैपटक कुन बेगमा भल बग्ला ? त्यो खोलाको बहावको गति कति होला ? राणा शासनले एक सय चार वर्षसम्म नागरिकका इच्छा, आकाक्षा एवं उनीहरूको बोल्ने अधिकारमा ताला लगाइदियो । यसरी देखेर पनि बोल्न नपाएका जनताले सामाजिक, राजनीतिक तथा अरु कैयौं क्षेत्रमा मुख खोले । नागरिक अधिकार र देश विकासका क्षेत्रमा फागुन ७ गते प्रजातन्त्रको घोषणसँगै बहार छायो । माथि भनिएजस्तै एक सय चार वर्षसम्म थुनिएर रहेको नेपाली जनताको मनको बाँध पनि त्यसैगरी फुट्यो र धेरैतिर स्वतन्त्रताको लहर त्यही गतिमा फैलियो । एक सय चार वर्षसम्म थुनिएको खोलाको बाँध अकस्मात फुट्दा जुन बेगले भल बग्यो नेपाली नागरिकका मनमस्तिष्कमा पनि त्यस्तै द्रुतगतिमा स्वतन्त्रताको बहाव आयो । उनीहरूले पनि यस्तै बेगमा आफूलाई स्वतन्त्र भएको महसुस गरे र आफ्ना विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गर्ने भए । अर्थात् एक शब्दमा भन्दा अब नेपाली जनता बोल्न पाउने भए । उनीहरूमाथि राणा शासनले लगाएको बोल्न नमिल्ने बार भत्कियो । मानिसले देखेको कुरा बोल्न पाउनु पनि त्यस समयको ठूलो अधिकारको विषय थियो । अब नागरिक बोल्न पाउने भए । यिनै नागरिकका बोलीको आवाज हो 'आवाज दैनिक' । मुलुकमा प्रजातन्त्रको उदय भएको २४ घन्टाभित्रै कसरी पत्रिका प्रकाशन भयो भन्ने कुरा प्रजातन्त्र र प्रेस अर्थात् नागरिकको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता कसरी आपसमा अन्योन्याश्रित सम्बन्ध राख्दछन् भन्ने विषयसँग सम्बन्धित छ । प्रजातन्त्र र प्रेस एकअर्काका परिपूरक हुन् भन्ने कुराको एउटा उत्कृष्ट उदाहरण यही हो । माथि भनिएजस्तै जसरी एक सय चार वर्षसम्म थुनिएर रहेको खोलाको बाँध अकस्मात फुट्दा जुन बेगमा खोलामा भेल बग्यो, ठिक त्यही गतिमै अब नेपाली नागरिकले विचार अभिव्यक्ति गर्न पाउने भएकाले अखबार प्रकाशन सुरु भयो । यसको सुरुआत आवाजबाटै भयो र त्यसका कैयौं उदारहरण त्यसपछिका दश वर्षमा देख्न सकिन्छ । प्रजातन्त्रको स्थापना भएर पछि विसं २०१७ मा एकदलीय पञ्चायती व्यवस्थाको घोषणा नहुँदासम्मको अवधिलाई प्रजातन्त्रको दशक भनिन्छ । प्रजातन्त्रको दशकमा नेपाली नागरिकले स्वतःस्फुर्तरूपमा नै धेरै पत्रिका प्रकाशन गरेका थिए । त्यस समयमा नागरिकले आफ्ना भावना पोख्ने अर्थात् आफ्ना विचारहरू राख्ने माध्यम नै पत्रिका बनाएका थिए । त्यसैले जहाँनिया राणा शासनको समयमा आफूले बोल्न नपाएका तथा आफ्ना विचार नै राख्न नपाएको अवस्थाको स्मरण गर्दै उनीहरूले पत्रिका प्रकाशन गरेर नागरिकको विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकतम् प्रयोग गरेका थिए । विचार अभिव्यक्तिको स्वतन्त्रता नागरिकका सबै अधिकार तथा स्वतन्त्रताहरूकै जननी हो । जस्तो मानिसले आफ्ना राजनीतिक विचार अथवा आस्था राख्ने, कुनै पनि विषयको विरोध या समर्थन गर्ने, कुनै पनि राजनीतिक प्रणाली या शासन व्यवस्थाविशेष तथा नेताहरूसँग नै आफ्ना विमति या असहमतिहरू राख्ने काम पनि नागरिकको यो स्वतन्त्रतामार्फत सञ्चार हुन्छ । मानिसले बोल्न नै पाएन भने बुझौं उसका अरु सबै अधिकारमा लगभग ताला लागेको छ । त्यसैले यो अवधिमा नागरिकले आफ्ना अधिकारको अधिकतम प्रयोग पत्रिका प्रकाशन गरी आफ्ना विचार राखेर गरेका थिए । राणा शासनका समयसँग तुलना गर्ने हो भने प्रजातन्त्रको दशकलाई नेपालमा स्वतन्त्र पत्रकारिताको जगका रूपमा लिन सकिन्छ । राणा शासनको अवधिमा करिब १३ वटा पत्रिका प्रकाशन भएका थिए । त्यो पनि अखबारी पत्रकारिता भन्न मिल्दैन किनभने ती सबै पत्रिका साहित्यिक थिए । राणा शासकको विरुद्धमा गएर कुनै पत्रिका प्रकाशन गर्न सक्ने अवस्था नै नभएकाले प्रायः सम्पादक नै उनीहरूले नै नियुक्त गर्दथे । त्यसको तुलनामा प्रजातन्त्रको अवधिमा हाते पत्रिकासमेत गरी करिब दुई सय पत्रिका प्रकाशन भएका थिए । यसरी अघिल्लो शासनका तुलनामा दश वर्षमै यतिका पत्रिका प्रकाशन हुनु सामान्य कुरा थिएन । त्यसै समयमा मुलुक समाचार समिति युगमा प्रवेश गरेको थियो । त्यसबेलाका पत्रकार गोविन्द वियोगीसहितका युवाहरूको सक्रियतामा विसं २०१६ मा नेपाल संवाद समितिको स्थापना भयो र त्यसको करिब छ महिनाको अवधिमा मणिन्द्रराज श्रेष्ठको सक्रियतामा अर्को समाचार समिति सगरमाथा संवाद समिति जन्मियो । त्यतिबेलासम्म मुलुकमा पत्रपत्रिका र रेडियो रहेकामा देशमा पत्रकारिताको नयाँ विधा समाचार समिति पनि थपियो । यो पनि निजी क्षेत्रका व्यक्तिहरूकै पहलमा सुरुआत भएकाले यसलाई पत्रकारिताको विकासमा एक नयाँ र कोशेढुङ्गाको रूपमा लिन सकिन्छ। त्यसैगरी सो समयमा नेपालबाहेकका अरु भाषाहरू नेवारी, अङ्ग्रेजी, हिन्दी आदि भाषामा पनि पत्रिका प्रकाशन भए । राजधानीबाट मात्र नभएर काठमाडौं बाहिरबाट पनि पत्रिका छापिए । पत्रिका प्रकाशनको काम मोफसलसम्म पुग्नु भनेको पनि मुलुकको पत्रकारिता क्षेत्रका लागि एक महत्वपूर्ण नै मान्न सकिन्छ । त्यसबेलाको यकिन अनुसन्धान त हुनसकेको छैन तर पत्रकारिता क्षेत्रमा प्राप्त साहित्य र तथ्याङ्कहरूको विश्लेषणबाट सो अवधिमा २५ भन्दा बढी दैनिक पत्रिका प्रकाशनमा आएका थिए र त्यस समयमा धेरैजसो पत्रिका साप्ताहिक र मासिक थिए । अर्को रमाइलो कुरा त के थियो भने सो समयका राजनीतिक दलहरूले पनि पत्रिका प्रकाशन गर्ने गरेका थिए । प्रायः सबै दलका आ–आफ्ना मुखपत्र प्रकाशन हुन्थे । यो अवस्थालाई त्यसबेलाका राजनीतिक पार्टीहरूले पनि आफ्ना विचारहरू जनतासमक्ष पुर्याउने शक्तिको अस्तित्वका रूपमा पत्रिकालाई स्वीकार गरेका थिए । राजा महेन्द्रले विसं २०१७ पुस १ गते मुलुकको प्रजातन्त्रमाथि धावा बोले र तत्कालीन जननिर्वाचित प्रधानमन्त्री विपी कोइरालालाई जेल हालेर पञ्चायती नामको एकदलीय राजनीतिक व्यवस्थाको घोषणा गरे । त्यसपछि भने प्रजातन्त्रको दशकमा फस्टाएको र इतिहासमै

- बाँकी पृष्ठ ६ मा

# संस्कृतिसहितको पर्यटन विकास आवश्यक : मन्त्री किराँती

काठमाडौँ, ८ फागुन
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले देशको आर्थिक समृद्धिको ठूलो खम्बा पर्यटन क्षेत्र भएकाले यसको प्रवर्द्धन र विकासमा सबै सक्रिय भएर लाग्नुपर्ने बताएका छन् ।
नेपाल पर्यटन बोर्ड, गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)पर्यटन समिति तथा पर्यटनका लागि युरोप-नेपाल चेम्बर अफ कमर्शको संयुक्त आयोजनामा 'नेपालको पर्यटन अन्तर्राष्ट्रिय प्रवर्द्धन' विषयमा आयोजित अन्तर्क्रियामा उनले संस्कृतिसहितको पर्यटन विकास गरिनुपर्नेमा जोड दिए । उनले भने , संस्कृति, रैथाने ज्ञान र स्वादसहितको पर्यटन विकास गर्नुपर्छ, रैथाने स्वादलाई पर राखेर पर्यटन विकासको कल्पना गर्न सकिँदैन, हाम्रा होटल रेस्टुराँमा पनि नेपाली स्वाद पस्कने वातावरण बन्नुपर्छ, विदेशी परिकारको मात्र भर परेर पर्यटनको विकास हुँदैन ।
पर्यटनमन्त्री किराँतीले पर्यटनसँग उत्पादन जोड्नुपर्ने आवश्यकता औँल्याउँदै मन्त्रालयले छिट्टै कार्यक्रम सूची बनाएर सबै क्षेत्रसँग छलफल गरी पर्यटन प्रवर्द्धनको रणनीति तयार गरिने उल्लेख गरे ।
उनले काठमाडौँ उपत्यकाका सात सम्पदा जोड्ने गरी छिट्टै बस सेवा सञ्चालन गरिने



पनि जानकारी दिनुभयो । सातवटै सम्पदाको इतिहास र महत्वबारे आवश्यक जानकार ीसहित ती क्षेत्रमा बढीभन्दा बढी पर्यटक आकर्षण गर्ने उद्देश्यले सम्पदा बसयात्रा सुरु गर्न लागिएको उनको भनाइ छ ।
मन्त्री किराँतीले हरेक सम्पदाको सर्किट बनाएर नेपालीपनको पर्यटन विकास गरिनुपर्नेमा जोड दिए । कार्यक्रममा पूर्वराजदूत डा सुरेशचन्द्र चालिसेले नेपालको पर्यटन अन्तर्राष्ट्रिय प्रवर्द्धनका लागि 'टुरिज्म कूटनीति' सम्भाव्यताको अध्ययन गरेर पर्यटन मन्त्रालयले नीतिगत योजना ल्याउन जरुरी भएको उल्लेख गरे । पूर्वराजदूत मधुरमण आचार्यले पर्यटनमा लगानी बढाएर सरकार र निजी क्षेत्रको साझेदारीमा प्रवर्द्धनात्मक कार्यक्रम चलाउनुपर्ने बताए । अर्का पूर्व राजदूत लक्की शेर्पाले एनआरएनएसँगको समन्वय र सहकार्यमा पर्यटन प्रवर्द्धन गरिनुपर्ने सुझाए ।
कार्यक्रममा पूर्वराजदूतहरु दीपक धिताल, भीम उदास, डा अञ्जना शाक्यलगायतले पर्यटकीय पूर्वाधार विकास र प्रचुर सम्भावनाको सदुपयोग गरेर प्रवर्द्धन अभियान चलाइनुपर्नेमा जोड दिए ।रासस

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाडौँ, ८ फागुन
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज दोहोरो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २३ दशमलव ६० अङ्कले ओरालो लागेर दुई हजार ४६ दशमलव ८१ मा सीमित भएको छ ।
यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ९१ अङ्कले ओरालो लागेर तीन सय ९१ दशमलव ५३ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्य उकालो लाग्दा ११ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ ।
कारोबार भएका कूल कम्पनीमध्ये ३२ कम्पनीको शेयर मूल्यमा वृद्धि भएको छ ।
यस्तै एक सय ७७ कम्पनीको शेयर मूल्यमा गिरावट आउँदा सात कम्पनीको शेयर मूल्यमा भने कुनै परिवर्तन भएको छैन ।
कूल ६० लाख ९१ हजार तीन सय ५३ कित्ता शेयर रु एक अर्ब ९४ करोड ७६ लाख २३ हजार



नौ सय ९३ मूल्यमा खरिद बिक्री भए । सोमबारको कारोबारपछि बजार पुँजीकरण रु २९ खर्ब ५३ अर्ब ४२ करोड ४० लाख सात हजार सात सय ५४ बराबर रहेको छ ।
कारोबारका आधारमा हिमालयन डिस्टिलरी शीर्ष स्थानमा छ । सो कम्पनीको रु २० करोड ८२ लाख ५६ हजार सात सय ४० बराबरको कारोबार भयो । यस्तै साल्टट्रेडिङ कर्पोरेशन रु ११ करोड ४८ लाख ४७ हजार नौ सय ४७, जीवन विकास लघुवित्त रु छ करोड ५५ लाख ५५ हजार तीन सय, एनआइसी एशिया बैंक रु पाँच करोड ५५ लाख ९१ हजार दुई सय एक र सानिमा बैंक रु चार करोड ६५ लाख ७६ हजार चार सय ६९ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।
नेप्सेका अनुसार राप्ती हाइड्रोको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । दोर्दी खोला जलविद्युत् कम्पनी चार दशमलव १७, एनएमबी हाइब्रिड फण्ड एक तीन दशमलब ९६, कालिका पावर कम्पनी दुई दशमलब शुन्य चार र एनएमबी-५० का लगानीकर्ताले दुई दशमलव शुन्य दुई प्रतिशतले कमाएका छन् ।
यस्तै जीवन विकास लघुवित्त नौ दशमलव १५, उपकार लघुवित्त सात दशमलव ४२, हिमालयन डिस्टिलरी पाँच दशमलव ३१, वीन नेपाल लघुवित्त पाँच र समिट लघुवित्त वित्तीय संस्थाका लगानीकर्ताले चार दशमलव ९६ प्रतिशतले गुमाएका छन् ।
रासस

# समयमा पाठ्यपुस्तक उपलब्ध गराउन समितिको निर्देशन

काठमाडौँ, ८ फागुन
दिगो विकास तथा सुशासन समितिका सभापति प्रकाश पन्तले आगामी शैक्षिकसत्रदेखि मुलुकका सबै विद्यालयलाई समयमा पाठ्यपुस्तक उपलब्ध गराउन निर्देशन दिएका छन् । समितिको सोमवारको बैठकमा उनले सो निर्देशन दिएका हुन । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले भने शैक्षिक क्षेत्रको सुधारमा सङ्घीयताको अनुभूति दिलाउन पुराना ऐन खारेज गरी नयाँ ऐन ल्याउन जरुरी छ ।
यसलाई प्राथमिकतामा राख्नुपर्छ । पटके निर्णयलाई नीतिगत व्यवस्था गर्नुपर्दछ । राज्यले सुधार गर्न चाहे दायित्व बहन गर्नुपर्दछ ।



जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडलगायत सम्बन्धित निकायका कार्यप्रणालीलाई विश्वास गर्न आवश्यक रहेको र तोकिएको समयमा कार्य गर्न नसकेको खण्डमा आवश्यक कदम चाली पाठ्यपुस्तक समयमा उपलब्ध हुने उनको भनाइ थियो ।
समितिका सभापति पन्तले भने,सम्बन्धित निकायका पाठ्यपुस्तक उपलब्धताका सुनिश्तिताका समस्या स्पष्ट पारेमा समिति सरोकारवाला पक्षसँग सहकार्य र समन्वय गरी समाधान गर्न तयार छौँ । विगतमा नभएका र गर्न नसकेका विषयलाई सुरुआत गरी पुस्तकको पुनःप्रयोग नीति अवलम्बन गर्ने विषयमा सम्बन्धित निकायले विचार गरी प्रक्रिया सुरु गर्नसक्ने उनको भनाइ थियो । जनक शिक्षा सामग्री केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले भन्नुभयो,ँविगतमा जस्तो कागजको अभाव छैन । चौबिसै घण्टा मेसिन र जनशक्ति सञ्चालनमा रहेका छन् । यो वर्ष पाठ्यपुस्तकको अभाव हुँदैन ।
कार्यक्रममा शैक्षिक क्षेत्रमा राज्यको अनुभूति दिलाउन, सार्वजनिक खरिद ऐनको समस्या अन्त्य गर्न, विकट क्षेत्रमा विशेष प्राथमिकताका साथ पुस्तक उपलब्ध गराउन, राजनीतिक र प्रशासनिक नेतृत्वको कार्यमा सुधार, सम्बन्धित निकायको अनुगमन र मूल्याङ्कन तथा गुनासोरहित हुनेगरी पुस्तक वितरण गर्ने विषय उठान भएको थियो ।
रासस

# पाँच निर्माण व्यवसायी कम्पनी कालोसूचीमा

काठमाडौँ, ८ फागुन
विभिन्न सार्वजनिक निकायका ठेक्का अलपत्र पार्ने पाँच वटा निर्माण व्यवसायी र आपूर्तिकर्ता कम्पनीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राखेको छ ।
खरिद अनुगमन कार्यालयले सोमवार एक सूचना जारी गर्दै ती कम्पनीलाई कालोसूचीमा राखिएको जनाएको हो । विभिन्न निकायबाट लेखी आएबमोजिम सार्वजनिक खरिद ऐन, २०६३ अनुसार यी निर्माण व्यवसायी र आपूर्तिकर्ता कम्पनीलाई कालोसूचीमा राखिएको छ । कालोसूची अवधिभर यी कम्पनी सार्वजनिक निकायको कुनै पनि खरिद कार्यमा भाग लिन पाउने छैनन, खरिद अनुगमन कार्यालयले सूचनामा भनेको छ ।





खरिद अनुगमन कार्यालयको गत बिहीबारको निर्णयअनुसार भरतपुर-४ चितवनको इन्जिनियर्स कन्स्ट्रक्सन एन्ड माइन्ट क्राफ्ट प्रालिलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ । विकास श्रेष्ठ सञ्चालक रहेको यो कम्पनीले चितवनको इच्छाकामना गाउँपालिकाको ठेक्का अलपत्र पारेको थियो । चितवनको खैरहनी नगरपालिकाको सिफारिसमा जय गढीमाई निर्माण कन्स्ट्रक्सन प्रालिलाई पनि कालोसूचीमा राखिएको छ । सीताराम चौधरी मुख्य सञ्चालक रहेको यो कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ ।
करण कुमार मुडभरी सञ्चालक रहेको मुडभरी एन्ड जोशी कन्स्ट्रक्सन प्रालि दुई वर्षका लागि कालोसूचीमा परेको छ । यो कम्पनीले रसुवागढी हाइड्रोपावर कम्पनीसँग भएको ठेक्का सम्झौताअनुसार काम नगरेको खरिद अनुगमन कार्यालयले जनाएको छ । त्यसैगरी, सुदूरपश्चिम विद्यालयअन्तर्गतको दुर्गालक्ष्मी बहुमुखी क्याम्पस कैलालीको काम अलपत्र पार्ने गुण निर्माण सेवालाई पनि कालोसूचीमा राखिएको छ । गुणराज पाठक सञ्चालक रहेको यो कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको हो । बारबर्दिया नगरपालिकाको कार्यालय बर्दियाले कल्पना कन्स्ट्रक्सन प्रालिलाई कालोसूचीमा राख्न सिफारिस गरेको उक्त कम्पनीलाई पनि एक वर्षका लागि कालोसूचीमा राखिएको खरिद अनुगमन कार्यालयले जनाएको छ ।रासस

# ठेक्का म्याद सकिनै लाग्दासमेत निर्माण सुरु भएन

गलकोट, ८ फागुन
सरसर्ती निर्माण भएको भए बागलुङ जिल्लाको ताराखोला गाउँपालिकाको आधारभूत अस्पताल अहिलेसम्म निर्माण भइसक्थ्यो ।
आगामी २०७९ चैत मसान्तभित्र अस्पताल भवन निर्माण सक्नुपर्ने ठेकेदार कम्पनी र ताराखोला गाउँपालिका बीचको सम्झौता भएपनि अस्पतालको काम अझै सुरु भएको छैन । जिल्लाका अन्य पालिकाका आधार भूत अस्पताल धमाधम निर्माण भइरहेको सर्न्दभमा यहाँ भने जग्गा स्थानान्तरण विवाद र ठेकेदार कम्पनीबीचको असमझदारीका कारण ताराखोला गाउँपालिकाको पाँच शय्याको अस्पताल निर्माण ठेक्का म्याद सकिनै लाग्दासमेत सुरु नभएको हो ।
भौगोलिकरुपमा दुर्गम गाउँपालिका रहेको ताराखोलामा अस्पताल बनाउनका लागि उपयुक्त जग्गा नभएकै कारण अस्पताल निर्माणमा कठिन देखिएको हो । आधारभूत अस्पताल निर्माणका लागि वडा नम्बर २ को सरपान्डीडाँडामा दुई वर्ष अघि शिलान्यास भए पनि जग्गा विवाद तथा भौगोलिक जटिलताको कारण देखाउँदै गाउँपालिकाले ठेक्का लगाइसकेको जग्गालाई स्थानान्तरण गरी सोही वडाको कुवाँधुनेखोलामा पुऱ्याउँदा अस्पताल निर्माणमा निर्माण व्यवसायी र पालिकाबीच समस्या देखिएको थियो ।
शिलान्यासको वर्षनै ताराखोलामा बाढी पहिरो गएका कारण उक्त सरपान्डीडाँडामा अस्पताल निर्माण गर्न भौगोलिकरुपमा जोखिम रहेको गाउँपालिकाका प्राविधिकको सल्लाहमा अस्पताल निर्माणको जग्गा स्थानान्तरण गरिएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रकाश गैरेले बताए । दुई वर्षअघिनै जग्गा विवाद तथा भौगोलिक कठिनाइका कारण अस्पतालको जग्गा स्थानान्तरण गरिएको थियो, ठेकेदारले ठेक्का ल्याइसकेपछि काम रोकेर राखेको देखिएको छ, जुन स्थानमा अस्पताल बनाए पनि अस्पतालको डिजाईन एउटै हो, केही लागत थप घट भए पालिकाले निर्णय लिन्छ भन्ने थियो, उनले भने ,निर्माण व्यवसायीले जग्गा स्थानान्तरणको कारण देखाउँदै भवन निर्माण गर्न आलटाल गर्दै दुई वर्ष बिताए, चैत मसान्त सम्म सम्झौता मिति छ, म्याद सकिएपछि सार्वजनिक खरिद ऐनलाई टेकेर पुन ठेक्कामा जाने तयारीमा छौँ, अस्पतालजस्तो संवेदशनशील क्षेत्रमा चरम ढिलासुस्ती गाउँपालिकालाई मान्य छैन ।
प्रशासकीय अधिकृत गैरेका अनुसार सार्वजनिक खरिद ऐनमा ठेक्का मिति सम्झौता नसकेसम्म ठेकेदारलाई कारबाहीको काम गर्न नपाइने भएकाले चैत मसान्तभित्र ठेकेदारले काम थाल्ने लिखित सम्झौता नगरे ठेक्का रद्द गर्ने प्रक्रियामा गाउँकार्यपालिका जानेछ ।
पालिकाको आधारभूत अस्पताल समयमै नबन्दा गाउँपालिकाले दिने स्वास्थ्य सेवा प्रभावित बन्दै आएको ताराखोला गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख उदित थापाले बताए । प्राविधिकले पालिका अस्पताल बनाउन शिलान्यास गरिएको जग्गा उपयुक्त नदेखेपछि स्थानीयको पहलमा अर्को स्थानमा जग्गा व्यवस्थापन गरेर अस्पताल बनाउने गाउँपालिकाको योजना रहे पनि निर्माण व्यवसायीले काम नै नथाल्दा समस्या भएको उनको भनाई छ ।
अस्पताल बनिसक्ने समयमा काम सुरु नहुनु दुःखद् हो, ठेक्का मिति सकिदासाथ गाउँपालिकाले कार्यपालिकामार्फत ठेक्कालाई निरन्तरता दिने अथवा ठेक्का रद्द गर्ने निर्णय गर्ला, उनले भने , जिल्लाका १० पालिकामध्ये अधिकांश पालिकामा आधार भूत अस्पताल ठडिदा हाम्रोमा कामै सुरु नहुनु दुःखद् हो ।
कोरोना कहरको समयमा पालिकाले कोरोना प्रभावित विरामीलाई पालिकाले निर्माण गरेको बहुउद्देश्यीय सभाहलमा राखेर उपचार गराएको थियो । भौगोलिक रुपमा भिरालो जमिन रहेको ताराखोलामा ठूला भवन तथा संरचना निर्माण गर्न समस्या हुँदै आएको छ ।
विसं २०७७ वैशाखमा दुई वर्षमा निर्माण सक्ने गरी गाउँपालिका र एसी कन्ट्रक्सनबीच रु सात करोड ५७ लाखमा ठेक्का सम्झौता भएको थियो । ठेक्का म्याद सकिना दुई महिना मात्रै बाँकी रहदा अस्पताल निर्माण सुरुसमेत भएको छैन भने निर्माण व्यवसायीले पालिकाको कारण अस्पताल बनाउन नसकेको बताउँदै आएको छ । यता ताराखोला गाउँपालिकाले निर्माण व्यवसायीका कारण काम नभएको जनाएको छ । रासस

# सुगन्धकोकिलाको उत्पादनमा गिरावट

तुलसीपुर, ८ फागुन
विश्वमै लोपोन्मुख अवस्थामा रहेको सुगन्धकोकिला (मल्लागिरि) को उत्पादन यस वर्ष घटेको छ । हावाहुरीले फूल झारिदिएपछि दाङ तुलसीपुर उपमहानगरपालिपका-१९ छिल्लीकोटमा पाइने सुगन्धकोकिलाको उत्पादनमा गिरावट आएको हो ।
विगतका वर्षमा पाँच सय क्विन्टल सुगन्धकोकिला उत्पादन हुने गरेकोमा पछिल्लो दुई वर्षमा उत्पादन घटेको स्थानीयले बताएका छन् । विगतमा पाँच सय क्विन्टल उत्पादन हुने गरेको भए पनि यस वर्ष करिब ५० क्विन्टल मात्रै उत्पादन भएको स्थानीय प्रवीर पुनले बताए ।
विगतमा वर्षमा पाँच सय क्विन्टलसम्म हामीले मल्लागिरि बिक्री गर्थियौँ, उनले भने ,गएको वर्ष पनि बर्सातले गर्दा फूल झारिदिएपछि दुई सय ५० क्विन्टल मात्रै उत्पादन भएको थियो, यस जर्ष झन घटेर ५० क्विन्टलभन्दा बढी उत्पादन हुन सकेन । विश्वमै लोपोन्मुख मानिएको उक्त प्रजातिको वनस्पति छिल्लीकोटमा पाइन्छ । त्यसले नै त्यहाँको जीवनस्तरमाथि उठाउने गरेको हो । सुगन्धकोकिला प्रतिकिलो रु पाँचसयमा बिक्री हुँदै आएको छ । हामीले रु पाँचसयमा सुगन्धकोकिला बिक्री गर्ने गर्छौं तर यहाँबाट लिएर



साहुले रु छ सय प्रतिकिलोमा बाहिर पठाउँछन, उनले भने , घोराहीमा व्यापारीसँग सम्पर्क गरेर त्यहाँबाट सुगन्धकोकिला बिक्री गर्ने गरिन्छ ।
सुगन्धकोकिला बाहिरी देशमा पठाइने गरिन्छ । यहाँबाट कच्चा सुगन्धकोकिला लगेपछि के-के वनछ, भन्ने कुरा आफूहरुलाई थाहा नभएको स्थानीयवासी जीवराज रेउलेले बताए ।यहाँबाट हामीले कच्चापदार्थ बेच्छौँ, त्यसबाट उच्चस्तरको सेन्ट, अगरबत्ती बनाउन प्रयोग हुन्छ, भन्ने सुनिएको छ, उनले भने ,तर, अरु केमा प्रयोग हुन्छ, भन्ने कुरा आफूहरुलाई पनि त्यति जानकारी नै छैन ।
एउटा रुखले दुईसय किलोसम्म सुगन्धकोकिला उत्पादन हुने गरेपनि यस वर्ष भने बर्सातले आम्दानी घटेको कृषक कृष्ण रेउलेले बताउनभयो । विगतमा एउटै रुखबाट रु ४० हजारदेखि दुई लाखसम्म आम्दानी गर्ने गरिन्थ्यो । छिल्लीकोटका दश गाउँका एक सय ३५ घरले नै सुगन्धकोकिलाबाट आश्रित छन् । प्रत्येकको घरमा दशभन्दा बढी सुगन्धकोकिलाका रुख छन् भने सामुदायिक वनमा पनि सुगन्धकोकिलाका रुख रहेका छन् । सामुदायिक वनमा रहेको सुगन्धकोकिलालाई गाउँलेले सामूहिक आम्दानी लिने गरेको कृषक प्रवीरले बताए । कहिलेकाहीँ, त्यहाँ उत्पादन भएको सुगन्धकोकिलाले बजार नपाउने पनि समस्या भएकाले त्यसका लागि चिस्यान केन्द्र स्थापना गरिदिनुपर्ने उनीहरुको माग छ ।
लोपोन्मुख अवस्थामा रहेको सुगन्धकोकिलालाई संरक्षण गर्न पनि राज्यले ध्यान दिन नसकेको गुनासो गर्दै उनले भने ,पहिले-पहिलेका रुख पनि सुक्दै जान थालिसकेका छन्, हामीले संरक्षणका लागि केही बिरुवा त रोपेका छौँ यसमा सरकारले पनि संरक्षणका लागि पहल गरिदिएमा यहाँका बासिन्दाको आम्दानीको स्रोत पनि बढ्ने र रुख पनि संरक्षण हुने थिए ।
पछिल्लो समय वन कार्यालयले त्यहाँ केही रुख रोपे पनि त्यसलाई संरक्षण गर्न कुनै चासो नदेखाएको पुनको भनाइ थियो । सुगन्धकोकिला पवित्र हुने भएकाले धार्मिक कार्यका लागि प्रयोगमा ल्याउनुका साथै यसको पातबाट तेलसमेत निकाल्न सकिने र पीपलपछि दोस्रो बढी अक्सिजन दिने रुखका रुपमासमेत रहेकाले यसको संरक्षण आवश्यक रहेको अर्का स्थानीयवासी पूर्ण पुनले बताए ।
सुगन्धकोकिला समुद्र सतहदेखि १५ मिटरको दूरीमा हिमालको हावा बहने जङ्गलमा फष्टाउने गर्छ । बिरुवा रोपेको चार वर्षदेखि नै यसले उत्पादन दिन सक्ने र यसलाई अलि व्यवस्थित गर्न सकिए देशलाई नै आर्थिक हिसाबले टेवा पुग्ने उनको भनाइ थियो । अहिले जङ्गलमा रहेका नयाँ रुखलाई जोगाउने कार्यमा आफूहरु सक्रिय रहेको स्थानीयवासीको भनाइ छ । छिल्लीकोटमा एक सय छ परिवार छन् । ती सबैले मल्लागिरिबाटै आफ्नो जीवन चलाउने गरेका छन् ।
मल्लागिरिको बोक्राबाट विभिन्न प्रकारका सेन्ट, अगरबत्ती निर्माणका लागि प्रयोग गरिन्छ भने मल्लागिरिको गैंडाबाट तेल बनाउन प्रयोग हुन्छ ।रासस

# एउटै व्यक्तिले धेरै ऋण लिन नपाउने

मधेशदृष्टि
काठमाडौ, ८ फागुन। लघुवित्तबाट एउटै व्यक्तिले धेरै ऋण लिन नपाउने प्रावधान राष्ट्र बैंकले ल्याउन लागिएको नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक रेवती नेपालले लागेको बताएका छन् । सोमबार आर्थिक पत्रकार समाज सेजनले काठमाडौंमा आयोजना गरेको संकटमा लघुवित्त, कारण र समाधान विषयक अन्तरक्रिया कार्यक्रममा बौल्दै कार्यकारी निर्देशक नेपालले यस्तो बताएका हुन् । उनले लघुवित्तका ३३ लाख बढी ऋणी भएकाले प्रत्येकको फाइल हेर्न नसक्ने भन्दै संस्थाले हेर्नुपर्ने उल्लेख गरे । उनले पछिल्लो समय धेरै लघुवित्तमा सदस्य भएर एउटै व्यक्तिले सबैबाट ऋण लिएर समस्यामा परेको पाइएको भन्दै अब निर्देशिका मार्फत कडाइ गर्ने तयारी भइरहेको बताए। नेपालले लघुवित्त संस्थालाई लाभांश वितरणमा कडाइ गरे मात्रै धेरै समस्या समाधान हुने उल्लेख गरे। उनले वित्तीय साक्षरताको कमीले समेत ऋणीले लिएको ऋणको उपयोग हुन नसकेको बताए । उनले लघुवित्तमा पछिल्लो समय देखिएको समस्या सबै मिलेर समाधान गर्न आवश्यक रहेको जिकिर गरे । उनले स्थानीय स्तरमा लघुवित्तका कर्मचारीले आफ्नो व्यवहार सुधार्नु आवश्यक रहेको भन्दै मिटरब्याजीका कारण पनि स्थानीय स्तरमा समस्या बढी बढ्दै गएको बताए।

नेपालले लघुवित्त संस्थाका कर्मचारी बिहान १० बजे भन्दा अगाडि र बेलुका ११ बजेसम्म ग्राहकको घरमा गएर यातना दिने र गाईबस्तु तान्ने, घरमा चुकुल लगाइदिने काम तत्काल बन्द गर्न आग्रह गरे । लघुवित्तहरूले धेरै राम्रो काम उदाहरण रहेको भन्दै सबैलाई एउटै समूहमा हाल्दा ३० वर्षसम्म गरेका योगदान काम न लाग्ने उनको भनाइ छ। उनले कुनै पनि लघुवित्तले १५ प्रतिशतभन्दा बढी ब्याज लिएको भए राष्ट्र बैंकमा उजुरी दिन सबैलाई आग्रह गरे।

नेपालले लघुवित्त खारेज नभएर देखिएका समस्या समाधान गरी परिमार्जन गर्दै लैजान आवश्यक रहेको बताए । उनले पछिल्लो समय ५ देखि १० प्रतिशत लघुवित्त संस्थाहरूले खराब काम गरेको भन्दै करेक्शन गरिने जानकारी दिए । उनले पछिल्लो समय केही सेयरका खेलाडीहरू लघुवित्तमा प्रवेश गरेर लघुवित्तलाई बिगारेको समेत आरोप लगाए । उनले कोरोना माहामारी र तरलता अभावको कारण पनि लघुवित्तहरूमा समस्या आएको पनि उल्लेख गरे।

# भारतको २ सय मिर्गौला डायलाईसिस मेसिन सहयोग

मधेशदृष्टि
काठमाडौ, ८ फागुन। नेपाल सरकारलाई भारत सरकारले दुई सय वटा मिर्गौला डायलाईसिस मेसिन सहयोग स्वरुप उपलब्ध गराएको छ।

सोमबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा एक समारोहका बीच स्वास्थ्य तथा जनसंख्यामन्त्री पदम गिरीलाई नेपालका लागि भारतीय राजदूत नविन श्रीवास्तवले सो मेसिन हस्तान्तरण गरेका हुन् ।

करिब एक वर्षअघि नेपाल सरकारले भारत सरकारसमक्ष सो मेसिन उपलब्ध गराउन अनुरोध गरेको थियो ।

समारोहमा बोल्दै स्वास्थ्य तथा जनसंख्यामन्त्री गिरीले सो मेसिन उपलब्ध गराएकोमा भारत सरकारप्रति आभार व्यक्त गरे। उक्त अवसरमा उनले २०७२ सालमा गएको विनाशकारी भूकम्प र कोभिड संकटका बेला पनि भारत सरकारले गरेको मानवीय सहयोग नेपाल राष्ट्र र नेपाली जनताले सदास्मरण गरिरहने उल्लेख गरे।

मन्त्री गिरीले नेपाल-भारतबीचको सम्बन्ध आर्थिक तथा सामाजिक रुपले घनिष्ट रहँदै आएको ऐतिहासिक तथ्यलाई भूल्न नसकिने पनि बताए।

उनले भने, 'दुई मुलुकबीच आर्थिक, सामाजिक सबै रुपले घनिष्ट सम्बन्ध छ । यो हाम्रो ऐतिहासिक पक्ष हो । भूकम्प र भोभिडको समयमा पनि भारत सरकारबाट जुन खालको सहयोग भयो । त्यो अत्यन्तै उल्लेखनीय छ।

महत्वपूर्ण छ । यो कुरा नेपाली जनताले सधैंभरी सम्झनयोग्य छ । म यसका लागि भारतीय राजदुतावासमार्फत् भारत सरकार र भारतीय जनतालाई धन्यवाद दिन चाहन्छु । कृतज्ञता पनि व्यक्त गर्न चाहन्छु । स्वास्थ्य क्षेत्रमा पनि थप सहकार्य गरेर अघि बढने विश्वास दिलाउन चाहन्छु।'



नेपालका लागि भारतीय राजदूत श्रीवास्तवले नेपाली जनताको स्वास्थ्य अवस्थामा सुधार ल्याउने गरी नेपाल सरकारलाई सो मेसिन हस्तान्तरण गर्न पाउँदा खुशी लागेको बताए । उनले नेपालसँगको मित्रतापूर्ण सम्बन्ध र विकास साझेदारीको कामलाई तीव्रताका साथ अघि बढाउन भारत सरकार सदैव अग्रसर रहेको र रहिरहने प्रतिवद्धता समेत व्यक्त गरे।

नेपालको स्वास्थ्य क्षेत्रको पूर्वाधार विकासमा पनि भारतले सक्दो सहयोग गर्ने उनको भनाई थियो। राजदूत श्रीवास्तवले भने, 'करिव एक वर्ष अघि नेपाल सरकारको तर्फबाट २ सय मृर्गौला डायलाईसिस मेशिनका लागि भारत सरकारलाई अनुरोध गरिएको थियो । सोही अनुसार मेसिन हस्तान्तरण गर्न पाउँदा खुशी लागेको छ। हामी नेपालको स्वास्थ्य क्षेत्रको पूर्वाधार विकासमा पनि सहयोग गर्नेछौं।'

नेपालको विकासको सबै क्षेत्रमा भारत सरकार सदैव मिलेर काम गर्दै आएको छ। नेपालको ट्रमा सेन्टर निर्माण, विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माणमा सहयोग भारत सरकारले गरेको छ। भूकम्पका बेला १३२ वटा हेल्थ पोष्ट निर्माणमा पनि भारतले सहयोग गरेको छ।

भारतले कोभिड संकटका बेला मात्रै पनि १३२ वटा हेल्थ पोष्ट निर्माणमा आर्थिक सहयोग तथा कोभिड भ्याक्सिनसहितका स्वास्थ्य सामग्रीहरु उपलब्ध गराएको थियो ।

## मिथिलाको महाकुम्भ

### विशेषता

प्रत्येक विश्रामस्थलमा धार्मिक धरोहरहरु छन्, जसको आफनै इतिहाँस र पौराणिक विशेषता छ। कुलहरमा राम र सीताबीच पहिलो मिलन भएको विश्वास छ भने मटिहानीमा विष्णुको प्रख्यात मन्दिर छ।

कञ्चनवनमा राम र सीता फागु खेलेको किम्वदन्ती छ । सीता स्वयम्वरका बेला भाँचिएको शिवधनुषको एक टुक्रा धनुषाधाममा खसेको किम्वदन्ती छ भने सतोषरमा सप्तऋषिको आश्रम रहेको विश्वास छ। फागुन शुक्ल औंसी तिथीको दिन कचुरीबाट शुरु भएको परिक्रमा फागुन पुणिर्माका दिन जनकपुरधाम नगरको परिक्रमा अर्थात अन्तगृह परिक्रमा पुरा गर्दै रंग अविर र होली खेल्दै घर फर्कने गर्छन्। नेपालका विभिन्न स्थानसँगै भारतका विभिन्न प्रान्तबाट लाखौ श्रद्धालु परिक्रमा सहभागी हुन्छन् । सहभागीहरु पन्ध्र दिनको सामान, लत्ता कपडा, औषधि आदि आफैँसँग लान्छन्। साधुहरू आफ्ना गाई, घोडा, बाँदर तथा गृहस्थ टायर गाडामा सामान बोकेरै परिक्रमामा सहभागी हुन्छन् ।दुई दशकदेखि परिक्रमामा सहभागी हुँदै आएका साधु जगदीश शरणले भने 'पन्ध्रदिने परिक्रमामा विशुद्ध पारिवारिक माहोल हुन्छ । सहभागी दिनभरि यात्रा गर्छन् अनि भजनकीर्तन गाएर रात बिताउँछन्।' परिक्रमावासीको वासस्थान गाउँबाहिर पोखरीको डिल अथवा आँपको बगैंचामा हुन्छ। सामान्यतया उनीहरू गाउँ छिर्दैनन् । गाउँलेहरूले उनीहरूका लागि चामल, दाल, नून, तेल, दाउरा तथा गाई गोरुको लागि पुवाल (पराल) को व्यवस्था मिलाउँछन्।

गाउँगाउँमा आपसमा चन्दा असुली गरेर परिक्रमा गर्नेहरूका लागि सरसामानको जोहो गर्छन्। पछिल्लो समय सम्बन्धित पालिकाहरु तथा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले बिजुली, खानेपानी, औषधि, आवास आदिको व्यवस्था मिलाउन थालेका छन्।

### मिथिला परिक्रमाको इतिहास

जानकारहरुका अनुसार करिव सन् १८९० तिर साधुसन्तलाई लिएर वनजंगलको बाटो भएर माध्यमिकी परिक्रमा प्रारम्भ गरिएको थियो । सो समयमा वनजंगलका बाघ भालुले यहाँ बस्ने साधुसन्तलाई आहारका रुपमा आक्रमण गरि खाने गरेकाले त्यस्ता जनावरहरुलाई धपाउनका लागि साधुसन्तहरुले परिक्रमाको थालनी गरेको विश्वास गरिन्छ। तत्कालिन मिथिला विहारी मन्दिरका जिउँदै समाधि लिएका महन्थ लाढली लाल जी शरण तथा जनकपुरधाम स्थित रत्नसागर स्थानका महन्थ बाबा नारायण दासजीहरुले मिलेर परिक्रमा शुरु गरेको बताइन्छ। दुईजना महन्थहरु केही मात्र साधुसन्तहरुलाई लिएर टाँउकोमा डोला राखी परिक्रमा गर्ने गरेका थिए।

परिक्रममाको क्रममा समेत केहि साधुसन्तहरु जनावरको सिकार समेत भएको जानकारहरु बताउँछन्। महन्थ लाढली लाल जी शरण विरामी भएपछि केहि वर्ष स्थगित भएको परिक्रमा उनी पुन स्वस्थ्य हुँदा पुनः सुचारु गरे। त्यसपछिका मिथिला विहारीका महन्थ स्व. नवल किशोर शरणले परिक्रमाको खुवै प्रचार प्रसार गरे र विस्तार रुपमा परिक्रमा शुरु गर्न थाले। यस परम्परालाई हालका महन्थ राम नरेश शरणले समेत निरन्तरता दिइरहेका छन्।

महन्थ शरणका अनुसार गत वर्ष १२ लाख तिर्थालु सहभागि भएको परिक्रमामा यस वर्ष २० लाखसम्मको सहभागिता रहने अपेक्षा गरिएको छ। मिथिलाञ्चल क्षेत्रको मध्य भु-भाग जो राजर्षि राजा जनकको दरबार क्षेत्र मानिथ्यो रावणको अत्याचार बढेपछि राजा जनकले भगवान शिवलाई सहयोगको गुहार गर्दा भगवान शिव भारत विहारको कलानेश्वरनाथ, महोतरीको जलेश्वरनाथ, धनुषाको क्षिरेश्वरनाथ र सप्तेश्वरनाथको रुपमा दरवारको चारवटै कुनाहरुमा विराजमान भई मध्य मिथिला दरवार क्षेत्रको सुरक्षा गरेको हुनाले सोहि चार शिवालयहरुको परिक्रमा गर्ने भएकाले यसलाई मिथिला मध्यमा परिक्रमा समेत भनिएको हो।

### परिक्रमालाई हरसम्भव सहयोग गर्ने : मुख्यमन्त्री यादव

परिक्रममाको प्रमुख अतिथि मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले १५ दिने मिथिला माध्यमिकी परिक्रमामा सहभागी यात्रुहरुका लागि हरसम्भव सहयोग गर्न प्रदेश सरकार तयार रहेको बताए।

सोमबार धनुषाको मिथिला बिहारी नगरपालिकाले आयोजना गरेको परिक्रमा शुभारम्भ कार्यक्रममा बोल्दै मुख्यमन्त्री यादवले यस वृहत् धार्मिक पदयात्रालाई व्यवस्थित गर्न स्थानीय सरकारसँग समन्वय गर्न प्रदेश सरकार तयार रहेको बताएका हुन्।

यस कार्यमा सहजीकरणका लागि संघीय सरकारसँग आग्रह गर्दै मुख्यमन्त्री यादवले तीनै तहको सरकारले परिक्रमामा सहभागी हुने यात्रीहरुको व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको बताए । वृहत् परिक्रमा विकास समिति गठनका लागि संघ सरकारसँग आफूले पहल गर्ने बताउँदै उनले मिथिला बिहारी मठलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्ने प्रतिबद्धता समेत जनाए । जनकपुरधाम आउने धार्मिक पर्यटकहरू मिथिला बिहारी मठमा दर्शन पूजा गर्दै धनुषाधाम जाने वातावरण बनाउनेतर्फ पहल गर्न जरुरी रहेको उनको भनाइ थियो। मिथिला बिहारी नगरपालिकाका नगर प्रमुख राजेन्द्र प्रसाद यादवको अध्यक्षतामा भएको परिक्रमा शुभारम्भ कार्यक्रममा प्रदेश सरकारका उद्योग, पर्यटन तथा वन मन्त्री सुनिता यादव, प्रतिनिधिसभा सदस्य प्रतीक्षा तिवारी, प्रदेशसभा सदस्यद्वय शेषनारायण यादव, कुमरकान्त झा, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साह लगायतको उपस्थिति रहेको थियो।

# मौलिक हकको कार्यान्वयन नहुँदा नागरिकलाई सास्ती

काठमाडौ, ८ फागुन।
नेपालको संविधानमा नागरिकको आवास र रोजगारीको हकको मौलिक हकमै व्यवस्था गरिए पनि प्रभावकारीरूपमा कार्यान्वयनमा आउन नसक्दा नागरिकले सास्ती भोग्नुपरेको छ । सुकुम्बासीलाई सधैँ उठिबासको त्रास र सडक व्यापारीलाई महानगरको त्रासले गर्दा आवास र रोजगारीको हक नागरिकले अनुभूत गर्न पाएका छैनन् । अन्तर्राष्ट्रिय सामाजिक न्यायको हक दिवसका अवसरमा एम्नेष्टी इन्टरनेसनल, संवैधानिक तथा न्यायिक पत्रकार मञ्च, मानव अधिकार पत्रकार सङ्घ (हुर्जा)सहित आठवटा संस्थाले संयुक्तरूपमा आजदेखि सुरु गरेको 'सामाजिक न्याय संवाद शृङ्खला' प्रारम्भ कार्यक्रममा उक्त विषयमा छलफल भएको हो।

थापाथलीस्थित सुकुम्बासी बस्तीका बासिन्दा जामुका पोखरेलले भूमिहीनले पटक-पटक दुःख पाएको र राज्यले थप दुःख दिने काम गरेकोप्रति गुनासो व्यक्त गर्नुभयो । उहाँले राज्यले सुकुम्बासीको आवासको हक र बाँच्न पाउने हकको सुनिश्चित गर्नुपर्ने माग गर्नुभयो । त्रिपुरेश्वरमा सडक किनारमा व्यापार गर्ने मैया आलले गरिबी र बेरोजगारका कारण सडक किनारमा सामान्य व्यापार गरेर खान पनि महानगरले नदिएको र राज्यले रोजगारीको व्यवस्था नगर्दा जीविका चलाउनै कठिन भएको सुनाउनुभयो।

कार्यक्रममा अधिवक्ता राजुप्रसाद चापागाईंले 'सामाजिक न्याय र समाजवाद : कोरा प्रतिज्ञा कि उपयोगयोग्य प्रत्याभूति' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने नेपाल महिला एकता समाजबाट सावित्री थापाले भूमिहीन सुकुम्बासी बस्तीमा मानिसले आवास नहुँदा दुःख पाएको र जीविकोपार्जनका लागि ठेला र सडक किनारबाट जीविका चलाउनेको सास्तीका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा सरोकारवाला पक्षले नेपालको संवैधानिक व्यवस्थाअनुसार नागरिकको आवास र रोजगारीको हक भएको हुनाले त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिएका थिए। रासस

## प्रजातन्त्रसँगै खुलेको

पहिलोपटक यस्तो प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गर्न पाएको नेपाली प्रेसको अधिकारमाथि काँढेतार लाग्यो । अब राजाले स्वघोषणा गरेको व्यवस्थाका विरुद्धमा बोल्न र लेख्न नपाइने भयो। विसं २०१९ मा त संविधान नै जारी गरियो र पञ्चायती व्यवस्थाका विरुद्धमा लेख्न बोल्न नपाइने प्रावधान संविधानमै राखियो । त्यसपछि प्रजातन्त्रको दशकमा नेपाली प्रेसले बसालेको जग खल्बलिन थाल्यो । व्यवस्थाको समर्थन गर्न नसक्ने कैयौँ पत्रिका बन्द भए। अब नागरिकले अघिको दशकमा जस्तो स्वतन्त्र प्रेस र अभिव्यक्तिको अनुभूति गर्न नपाउने भयो। देशको प्रेस पञ्चायती व्यवस्थाको पक्ष तथा बहुदलीय व्यवस्थाको पक्षमा गरेर मिसनमा बाँडियो।

यो क्रम तीन दशक नै चल्यो, नेपाली प्रेसले अनेक हण्डर र ठक्कर खायो। व्यवस्थविरोधी पत्रिकाहरू अधिकांश बन्द भए भने अरु भूमिगत भए । उता पञ्चायती व्यवस्थाको पक्षका पत्रिकामाथि भने सरकारकै मलजल पर्यो । विसं २०४६ मा प्रजातन्त्रको पुनःस्थापना भयो । फेरि प्रेसले अभिव्यक्ति स्वतन्त्रताको अनुभूति गर्ने भयो। नेपाल अधिराज्यको संविधान २०४७ मा जस्तोसुकै समाचार लेखे पनि पत्रिकाको दर्ता खारेज गर्ने र छापाखाना नै जफत गर्ने कामलाई बर्जित गर्यो। जबकि पञ्चायती व्यवस्थामा अञ्चलाधीशले चाहँदा जुनसुकै पत्रिकाको छापाखाना नै बन्द गरिदिन सक्थ्यो । यसरी नेपालको प्रेस बलियो बन्दै गयो र संवैधानिक सुनिश्चिततासहितको प्रेस स्वतन्त्रताको युग सुरु भयो । मुलुकको वर्तमान संविधानले त पूर्ण प्रेस स्वतन्त्रताको प्रावधानलाई प्रस्तावनामा नै राखेको छ। हाल नेपाली प्रेसले प्रेस स्वतन्त्रताको अधिकतम अभ्यास गरिरहेको छ । देशमा लोकतान्त्रिक राजनीतिक व्यवस्था भएकाले मात्र यो सम्भव भएको हो।

देशको प्रेस जगतले यस्तो अभ्यास गर्न पाउने अधिकारको जग वास्तवमा २००७ सालको प्रजातन्त्रपछि बसेको हो । यो आलेखको आशय यो हो कि आधुनिक पत्रकारिताको तथा प्रेस स्वतन्त्रताको जग २००७ देखि २०१७ को प्रजातन्त्रको दशकमा बसेको हो। प्रेस स्वतन्त्रताले सदैव देशको राजनीतिक शासन प्रणालीलाई पछ्याएको हुन्छ । यसका ज्वलन्त उदाहरण यसै आलेखका सुरुमा विभिन्न राजनीतिक व्यवस्थामा पत्रकारितामा भएका उतारचढाव नै काफी छन् । जहाँ प्रजातन्त्र छ त्यहाँ मात्र प्रेस स्वतन्त्रता सम्भव छ। लोकतान्त्रिक शासन प्रणालीको अनुपस्थितिमा स्वतन्त्र प्रेस कल्पनामात्रको विषय होला तर यथार्थ बन्न सक्दैन। त्यसैले २००७ सालको प्रजातन्त्रपछि मात्र मुलुकमा स्वतन्त्र प्रेसको शिलान्यास भएको हो । मुलुकमा अहिले अभ्यास गर्न सकिएको आधुनिक पत्रकारिताको जग नै २००७ देखि २०१७ को प्रजातन्त्रको दशकमा बसेको हो। (रासस)

## कार्यसम्पादनमा मधेश

सरकारबाट पाउने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने कानुनी प्रावधान छ।

आयोगका सूचना अधिकारी लक्ष्मी प्रसाद रेग्मीले भने 'यो वित्तिय समानीकरण अनुदान जनसंख्या, बेरुजु, बजेट खर्च, राजश्व संकलन, कार्यसम्पादन मूल्यांकनलाई आधार मानेर दिने गरिन्छ ।' रेग्मीका अनुसार कूल अनुदान रकममा ५ प्रतिशत बजेट कार्यसम्पादन मूल्यांकनको आधारमा तोकिएको हुन्छ। ती ५ प्रतिशतबाट बढी अंक ल्याउनेलाई बढी र कम अंक ल्याउने कम रकम उपलब्ध गराउने गरिएको छ। त्यस आधारमा मधेश प्रदेशले सबैभन्दा कम ल्याएकोमा वित्तिय समानीकरण अनुदानमा सबभन्दा बढी रकम कटौती हुने उनले बताए । बेरुजु समेत बढी देखिएकाले त्यस वापत पनि केही रकम कटौती हुन सक्ने रेग्मीका बताए।

प्रदेश तथा स्थानीय सरकारको वित्तीय समानीकरण अनुदान सिफारिस गर्न निर्धारण गरिएको कार्यसम्पादन सूचकको मूल्याङ्कन प्रतिवेदनअनुसार वित्त आयोगले विभिन्न १९ सूचकलाई हेरेर प्रदेशको कार्यसम्पादन मूल्याङ्कन गर्दै आएको छ। यसमा लेखापरीक्षण, बेरुजु फछ्र्यौट, तोकिएको समयमा बजेट विनियोजन, लक्षित राजस्व सङ्कलनलगायत विषयलाई सूचकका रुपमा राखिएको छ।

सूचक नं. ८ अनुसार मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बधधी विवरण समेत २०७९ कात्तिक मसान्त भित्र सार्वजनिक गर्नुपर्नेमा सो गरेको छैन । वित्त आयोगका अनुसार दुई सूचकमा कुनै पनि प्रदेशले अङ्क प्राप्त गर्न सकेका छैनन् । सूचक नं २ मा रहेको 'प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम आयोगले तोकेको आधार लागूगरी ससर्त अनुदान प्राप्त गरेको वा नगरेको' हेर्ने गरिन्छ। तर कुनै प्रदेशले यस्तो अनुदान नगरेको देखिएको छ।

त्यस्तै, सूचक नं ३ मा 'आर्थिक वर्ष २०७८/७९ मा सवारी साधन करबापत बाँडफाँट गरिएको ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गरेको वा नगरेको' हेरिएको थियो। तर कुनै पनि प्रदेशले यस्तो कर रकम स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेको देखिएन।

## सुध्रिनुपर्छ दलहरु, सचेत

पूर्वजहरूको निष्ठा र आदर्शलाई छोड्दै जाँदा नागरिकमा वितृष्णा उत्पन्न हुँदै गएको भन्दै यादवले व्यवस्था चलाउन नजान्दाको दोष व्यवस्थामाथि थोपर्ने काम कसैले गर्न नहुने धारणा राखे । ँकुनै चोटपटक लागेमा हतियारको दोष भन्ने कि हतियार चलाउने मान्छेको ? त्यसैले अहिले नै व्यवस्था खराब भएको टिप्पणी गर्ने बेला भएको छैन । तर गणतन्त्र रक्षाका लागि नेताहरू सुध्रिने र जनताहरू सचेत हुनुपर्ने आवश्यकता भने सधैँ रहन्छ, पूर्वराष्ट्रपति डा यादवले भने।

कार्यक्रममा जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य रामगोविन्द यादवले पनि सङ्घीयता चलाउने व्यक्तिको कमजोरीलाई देखाएर सिङ्गो व्यवस्थालाई नै गलत भन्नु अतिशयोक्ति हुने धारणा राखे। कार्यक्रममा प्रा डा पशुपतिनाथ झाले नैतिकताविनाको लोकतन्त्र सधैँ सङ्कटमा पर्ने भन्दै सबैले जिम्मेवार बन्नुपर्ने विचार व्यक्त गरे।

कार्यक्रममा विरामी अवस्थामा रहेका जनकपुरधाम बौद्धिक समाजका अध्यक्ष वरिष्ठ पत्रकार नेपालीले हजारौं बलिदानी, दशकौं दशकको अथक प्रयास पछि प्राप्त उपलब्धी र गणतन्त्रको रक्षाका लागि सबै दलह?लाई एक हुन आग्रह गरेका छन्। उनले उपलब्धी बचाउने अभिभारा अवको पुस्ता र दल र तिनका नेताहरुको रहेको बताए । नेपालीले अहिले दलहरूले गरिरहेका क्रियाकलापले पूर्वशासनाधिकारीलाई लाभ पुगिरहेका बताउँदै व्यवस्थालाई जोगाउनका लागि पनि सबै दल मिलेर अगाडि बढ्न आग्रह गरेका छन्

कार्यक्रममा मधेशी आयोगका अध्यक्ष विजय दत्त,जनकपुरधाम उपमहानगर पालिकाका उपप्रमुख किशोरी साह, जनकपुरधाम उपमहानगर पालिका वडा नं. २३ का वडा अध्यक्ष राघवेन्द्र साह, प्रा.रमेश कुमार साह,जनक हजारी विद्यापिठका प्राचार्य श्यामकिशोर गोइत,डा.शम्भ साह,ई.मुकेश साह,सरफुदीन राईन,सफिकुल्ला राईन,वडा सदस्य मोहिनुदीन राईन,शैलेन्द्र यादव,पत्रकार श्रीनारायण साह,लक्ष्मी चौधरी,टिकराम सुनार,चन्देश्वर साह, हरेराम साह,दिपक साह,किशन साह,गार्गी साह, देवेश्वर साह, नम्रता साह लगायत वडा वासीहरको सहभागिता रहेको थियो।



# ब्राजिलमा भीषण बाढी छत्तीस जनाको मृत्यु

साओ पाउलो, ८ फागुन
ब्राजिलको दक्षिणपूर्वी साओ पाउलो राज्यमा भीषण वर्षाका कारण आएको बाढी पहिरामा परी कम्तीमा ३६ जनाको मृत्यु भएको छ।



बाढी पहिराबाट भएको क्षति सम्बन्धमा साओ सोस्टियाओ शहरबाट सम्प्रेषण गरिएका टेलिभिजन र सामाजिक सञ्जालका दृश्यमा घर र जमिन बगाएको, मोटरकार खोलामा खसेका, भत्केका राजमार्ग र ढलेका रुख देखिन्छन्।
उक्त शहरमा ३५ जनाले ज्यान गुमाएका राज्य सरकारले बताएको छ । उबातुबा शहरमा पनि एक बालिकाको मृत्यु भएको सरकारी अधिकारीहरूले बताएका छन् ।
साओ पाउलो शहरको उत्तरी तटीय क्षेत्रमा दुई सय २८ जना घरबारविहीन भएका तथा तीन सय २८ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ।
अधिकारीहरूले बाढीपहिरामा हराएका तथा घाइते भएकाहरूका बारेमा जानकारी दिएका छैनन्। साओ पाउलो राज्यका गभर्नर टार्सिसियो डे फ्रेटासले बाढी प्रभावित क्षेत्रको निरीक्षणपछि तटवर्ती पाँच शहरमा आपत्काल घोषणा गरेका छन्।
साथै उनले उद्धार तथा राहतका निम्ति १५ लाख अमेरिकी डलर निकासा गरेका छन् । राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाले बाढी प्रभावित क्षेत्रको सोमवार भ्रमण गर्ने भएको छ। जलवायु परिवर्तनका कारण उत्पन्न विषम परिस्थितिका कारण ब्राजिलमा अकल्पनीय प्रभाव परिरहेको छ। गत वर्षको मुसलधारे वर्षाका कारण पेट्रोपोलिस शहरमा दुई सय ३० जनाभन्दा बढीको मृत्यु भएको थियो। (रासस/एएफपी)

# उत्तर कोरियाद्वारा पुनः क्षेप्यास्त्र परीक्षण

सोल, ८ फागुन
उत्तर कोरियाले सोमवार दुईवटा छोटो दूरीका क्षेप्यास्त्र प्रक्षेपण गरेको छ। प्योङयाङले रणनीतिक आणविक आक्रमण गर्न आफू सक्षम रहेको दाबी गर्दै परीक्षण गरिएका क्षेप्यास्त्र शत्रुका सबै हवाई अखडालाई ध्वस्त पार्ने क्षमताका भएको बताएको छ।
अमेरिका र दक्षिण कोरियाको संयुक्त सैन्य अभ्यासको जवाफमा शनिबार प्योङयाङले आफ्नो सबैभन्दा शक्तिशाली अन्तरमहादेशीय क्षेप्यास्त्र प्रक्षेपण गरेको ४८ घण्टामा दोस्रो पटक क्षेप्यास्त्र प्रक्षेपण गरेको हो।



जापानको रक्षा मन्त्रालयले सोमवार प्रक्षेपण गरिएका दुवै मिसाइल ५० देखि एक सय किलोमिटरको उचाइमा उडेका जनाउँदै आफ्नो विशेष आर्थिक क्षेत्र बाहिर खसेका बताएको छ।
जापानका प्रधानमन्त्री फुमियो किसिदाले क्षेप्यास्त्र प्रक्षेपणबारे राष्ट्रसङ्घीय सुरक्षा परिषद्को आपत्कालीन बैठकका लागि अनुरोध गरेका छन्।
दक्षिण कोरियाका प्रधानसेनापतिले प्रक्षेपणलाई गम्भीर उत्तेजना भन्दै त्यसको निन्दा गरेका छन् । साथै उनले त्यस्ता गतिविधि तत्काल रोकिनुपर्नेमा जोड दिएका छन् । दक्षिण कोरियाली विदेश मन्त्रालयले प्योङयाङको हतियार कार्यक्रमसँग सम्बन्ध भएका चार व्यक्ति र पाँच संस्थामाथि प्रतिबन्धको घोषणा गरेको छ।
सुरक्षा विश्लेषकहरूका अनुसार छोटो दूरीका क्षेप्यास्त्र परीक्षण गरेर उत्तर कोरियाले हिन्द-प्रशान्त क्षेत्रका अमेरिकी सैन्य अखडा र दक्षिण कोरियाली कमाण्ड सेन्टरलाई निशाना बनाएको बताएका छन्।

**महासचिवद्वारा निन्दा**

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले उत्तर कोरियाको क्षेप्यास्त्र प्रक्षेपणको निन्दा गर्दै प्योङयाङलाई उत्तेजक कार्य तत्काल बन्द गर्न आह्वान गरेका छन्।
उनले कुनै पनि किसिमका उत्तेजक गतिविधि नगर्न उत्तर कोरियालाई आह्वान गरेको महासचिवका प्रवक्ता स्टेफेन दुजारिकले बताएका छन् । रासस/एएफपी

# चक्रवात गेब्रियल : तीन हजारभन्दा बढी बेपत्ता

वेलिङ्टन, ८ फागुन
न्युजिल्याण्डमा चक्रवात गेब्रियलमा परी ११ जनाको मृत्यु भएको छ भने तीन हजार दुई सयभन्दा बढी बेपत्ता भएका छन्। प्रधानमन्त्री क्रिस हिपकिन्सले ज्यान गुमाउनेको संख्या बढ्नसक्ने बताउनुभएको छ । साथै उनले पुनर्निर्माणका निम्ति करिब १३ अर्ब न्युजिल्याण्ड डलर आवश्यक पर्ने बताएका छन्।
स्थानीय सञ्चार माध्यमका अनुसार आइतबार साँझसम्म तीन हजार दुई सय १५ जना सम्पर्कविहीन भएका थिए भने २० हजारभन्दा बढी घर र व्यवसाय विद्युत्विहीन बनेका थिए । धेरै स्थानमा सम्पर्क विच्छेद भएकाले वेपत्ता भएकाको संख्या अझ बढी हुने अनुमान प्रहरीले गरेको छ। हक्स वे र ताइराविटी क्षेत्रका धेरै मानिस हराएका छन्।
प्राकृतिक विपत्तिबाट करिब दश हजार सर्वसाधारण विस्थापित भएका छन् । सन् २०११ को फेब्रुवरीमा क्राइस्टचर्च भूकम्पपछि न्युजिल्याण्डमा अति धेरै सर्वसाधारण विस्थापित भएका हुन् । प्रधानमन्त्री हिपकिन्सले चक्रवात गेब्रियल यो शताब्दीको सबैभन्दा भीषण प्राकृतिक विपत्ति परेको र त्यसले देशमा अकल्पनीय क्षति भएको बताएका छन्।



गत सोमबारदेखि न्युजिल्याण्डमा आपत्कालीन स्थिति घोषणा गरिएको छ। देशको इतिहासमा यो तेस्रो आत्पकाल हो। प्रतिकूल परिस्थितिका कारण हवाई सेवाका साथै विद्यालय पनि बन्द छन् । देशको सबैभन्दा ठूलो शहर अकल्याण्डमा तीन साताअघि मुसलधारे वर्षा हुँदा चार जनाले ज्यान गुमाएका थिए। (रासस सिह्वा)

# बङ्गलादेशमा विपक्षी दलको पत्रिका बन्द

ढाका, ८ फागुन
बङ्गालदेशले प्रमुख प्रतिपक्षी दलको पत्रिका बन्द गरेको छ । बङ्गाली भाषामा छापिने ठूलो आकारको दैनिक दिनकल पत्रिकामाथि सरकारले निलम्बनको आदेश दिएपछि प्रकाशन बन्द भएको हो । सरकारको यो कदमबाट बङ्गालदेशमा अभिव्यक्ति स्वतन्त्रतामा अङ्कुश लागेको छ । प्रधानमन्त्री शेख हसिनाको सरकारले आलोचनालाई दबाउन गरेको उक्त निर्णयको विरोध भएको छ। अमेरिकालगायत पश्चिमा देशले सरकारी कदमप्रति चिन्ता व्यक्त गरेका छन्। तीन दशकभन्दा लामो समयदेखि बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) नजिक मानिने उक्त पत्रिका बन्द हुँदा सयौँ पत्रकार एवम् प्रेस कर्मचारी वेरोजगार भएका छन् । गत डिसेम्बर २६ मा ढाका जिल्ला अधिकारीले अखबार बन्द गर्न दिएको आदेशविरुद्ध उच्च अदालतका न्यायाधीश नेतृत्वको प्रेस काउन्सिलमा अपील गरिएपछि पत्रिका प्रकाशन जारी थियो।



जिल्ला अधिकारीको आदेशलाई काउन्सिलले आइतबार अनुमोदन गरेपछि बाध्य भई प्रकाशन बन्द गर्नुपरेको अखबारका प्रबन्ध सम्पादक शमसुर रहमान शिमुल विश्वासले बताएका छन्। पत्रिकाले देशको मुद्रण तथा प्रकाशन ऐन उल्लङ्घन गरेकाले पत्रिकाको प्रकाशन अनुमति खारेज गरिएको बङ्गलादेश प्रेस काउन्सिलले एएफपीलाई बताएको छ। (रासस एएफपी)

# जिल्लास्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि स्याङ्जालाई

रामपुर , ८ फागुन
पाल्पाको रामपुरमा आयोजना भएको जिल्लास्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि जिल्ला भलिबल सङ्घ स्याङ्जाले जितेको छ। जिल्ला भलिबल सङ्घ नवलपुरलाई सोझो सेटमा पराजित गर्दै स्याङ्जाले उपाधि जित्न सफल भएको छ । स्याङ्जाले लगातार पहिलो, दोस्रो र तेस्रो सेट २५/२०, २५/१४ र २५/१५ अङ्कसहित जित्न सफल भएको हो। नवलपुर उपविजेता बनेको छ।
लुम्बिनी र गण्डकी प्रदेशका सात जिल्लाको सहभागिता रहेको प्रतियोगितामा आयोजक जिल्ला भलिबल सङ्घ पाल्पाले तृतीय स्थान ओगट्न सफल भएको छ। जिल्ला भलिबल सङ्घ बाग्लुङलाई तीन/एक सेटले पराजित गर्दै पाल्पाले तृतीय उपाधि हात पारेको हो । तेस्रो स्थान छनोट खेलमा जिल्ला भलिबल सङ्घ पाल्पाले पहिलो, दोस्रो र चौथो सेट २५/१७, २५/१८, २५/१६ अङ्कसहित हात पारेको थियो भने तेस्रो सेट २५/२२ अङ्कसहित बाग्लुङले हात पारेको थियो ।प्रतियोगिताको उपाधि विजेताले नगद रु एक लाख ५१ हजार एक सय ११, उपविजेताले रु एक लाख एक हजार एक सय ११ र तृतीय हुनेले रु ५१ हजार एक सय ११ सहित कप मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । विधागततर्फ उत्कृष्ट खेलाडीलाई जनही रु पाँच हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । तेस्रो रामपुर महोत्सव तथा व्यापार मेलाका अवसरमा जिल्ला भलिबल सङ्घ पाल्पाको आयोजना, नगर खेलकुद विकास समिति रामपुरको सहआयोजना, रामपुर भलिबल सङ्घको व्यवस्थापन र रामपुर उद्योग वाणिज्य सङ्घको मुख्य प्रायोजकमा प्रतियोगिता आयोजना गरिएको हो ।प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी स्याङ्जाका सञ्जु विक्रम शाही, वेष्ट ब्लकर नवलपुरका हिमाल सुनारी, वेष्ट स्पाइकर स्याङ्जाका हरि पाण्डे, वेष्ट सेटर स्याङ्जाका सुदीप राना, वेष्ट सर्भर पाल्पाका आशिष श्रेष्ठ र वेष्ट डिफेन्डर स्याङ्जाका राजन दर्लामी भएका छन्।
प्रतियोगिता गत फागुन ३ गतेदेखि रामपुर महोत्सवस्थलमा सुरु गरिएको हो । खेलकुदको विकासका लागि यसअघिको महोत्सवमा पनि अन्तर्राष्ट्रियस्तरको नेपाल र भारतबीच (इन्डो नेपाल) भलिबल खेल आयोजना गरिएको थियो । रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले खेलले समाज र ठाउँलाई चिनाउनुका साथै खेलाडीको व्यक्तित्व विकासमा पनि सहयोग गर्ने बताए । रामपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष भोजेन्द्रप्रकाश ढकालले उद्योगी तथा व्यवसायीसँगै खेलकुद क्षेत्रको प्रवर्द्धनका लागि मेलामा प्रतियोगिता सञ्चालन गरिएको बताएका छन् ।रासस

# छत्तीसगढमा दुई जना प्रहरीको हत्या

नयाँदिल्ली, ८ फागुन
मध्य भारतको छत्तीसगढ राज्यमा नक्सलवादीले दुई जना प्रहरीको हत्या गरेका छन् । राज्यको राजनान्द जिल्लाको बोर्तलाब क्षेत्रमा नक्सलवादीले उनीहरूको हत्या गरेका प्रहरीले जनाएको छ । आज बिहान बोर्तलाब क्षेत्रमा नक्सलवादीले प्रहरीमाथि गोली चलाएका तथा घटनास्थलमा नै एक जनाको मृत्यु भएको राज्यका वरिष्ठ प्रहरी अधिकारी अभिषेक मीनाले जानकारी दिएका छन् । आक्रमणमा घाइते भएका अर्का प्रहरी जवानको अस्पताल लैजानेक्रममा बाटोमा मृत्यु भएको उनले बताए । प्रहरी जवानद्वय मोटरसाइकलमा बोर्तलाब प्रहरी शिविरतर्फ गइरहेका बेला आक्रमण भएको थियो । प्रहरी मारिएपछि घटनास्थल वरपर प्रहरी र अर्धसैनिक टोलीले आक्रमणकारीको खोजी गरिरहेको छ। भारतको मध्य र पूर्वी भागमा सक्रिय नक्सलवादीले सुरक्षाकर्मीमाथि बेलाबेलामा घातक आक्रमण गर्दै आएका छन् । नक्सलवादीविरुद्ध केन्द्रीय सरकारले व्यापक रुपमा सुरक्षाकर्मी परिचालन गरे पनि विद्रोहीका चपेटामा धेरै गरिब भारतीय परेका छन्। नक्सलवादी आक्रमणबाट हजारौँ विस्थापित भएका छन् भने सयौँले ज्यान गुमाएका छन्। (रासस सिन्ह्वा)



# स्कटल्याण्डको दोस्रो जित, नामिबियाले एक खेल पनि जित्न सकेन

८ फागुन, काठमाडौं। आईसीसी क्रिकेट विश्वकप लिगको जारी शृंखलामा स्कटल्याण्डले दोश्रो जित हात पारेको छ।
नेपालसँगको एउटा खेल हारेको र एउटा खेल खेल्न बाँकी रहेको स्कटल्याण्डले नामिबियासँगका दुवै खेल जितेको छ।
दोश्रो खेल जित्ने क्रममा स्कटल्याण्डले आज सोमबार नामिबियालाई ४३ रनले हरायो ।कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको स्कटल्याण्ड ४८.४ ओभरमा २२१ रनमा अलआउट भएको थियो ।तर स्कटल्याण्डले बलियो बलिङका साथमा नामिबियालाई ३८.४ ओभरमा १७८ रनमा रोक्दै दोस्रो जित हात पारेको हो।
स्कटल्यान्डले दिएको २२२ रनको विजयी लक्ष्य पछ्याएको नामिबियाका लागि ओपनर लोहान्ड्रे लोरेन्सले अर्धशतकीय ५२ रनको पारी खेले। उनले ६७ बलमा ६ चौका सहित ५२ रन बनाए।
अर्का ओपनर कार्ल ब्रिकनस्टोक मार्क वाटको बलमा एलबीडब्ल्यु भए । कप्तान ग्रहार्ड एरास्मसले ३८ बलमा ४ चौका र २ छक्का सहित ४३ रन बनाए।
जेन ग्रिन २५ रनमा क्याच आउट हुँदै नामिबियाका लागि अन्तिम विकेट गुमाए ।स्कटल्यान्डका लागि मार्क वाटले ८.४ ओभर बलिङ गर्दै २ मेडन सहित ४१ रन खर्चेर ४ विकेट लिए । अर्का बलर माइकल लिस्कले १० ओभर बलिङ गर्दै १ मेडन सहित ४२ रन खर्चेर ३ विकेट लिए । ब्रान्डन म्याक्मुलेनले २ विकेट लिए ।यसअघि पहिला ब्याटिङ गरेको स्कटल्यान्डका लागि क्रिस्टोफर म्याकब्राइडले सर्वाधिक ४७ रन बनाए। उनले ७५ बलमा ७ चौका प्रहार गरे । ओपनर काइल कोजर ताङ्गामाई लुङ्गामेनीको बलमा डगआउट भए । लियम न्यालर २० रन बनाउँदै रुवेन ट्रम्पलम्यानको बलमा बोल्ड भएका थिए।
कप्तान रिची बेरिङटन ५५ बलमा ३२ रन बनाउँदै बर्नाड स्कोल्ज्को बलमा एलबीडब्ल्यु भए । म्याथ्यु क्रस १६ मा ट्रम्पलम्यानको बलमा बोल्ड भए । तोमस म्याकिन्टोसले ३४ र बनाउँदै स्टम्पिङ भए । माइकल लिस्कले २९ रन बनाए।

# ताजकिस्तान हिमपहिरोः उन्नाइस जनाको मृत्यु

ताजकिस्तान, ८ फागुन
मध्य एसियाको पहाडी मुलुक ताजकिस्तानमा गएको हिमपहिरोमा परी १९ जनाको मृत्यु भएको छ। यही फागुन ३ देखि ७ गतेसम्म २०० स्थानमा हिमपहिरो गएको जनाउँदै सरकारी अधिकारीहरूले पाँच दिनको अवधिमा मृतकको संख्या १९ पुगेको जनाएका हुन्।
हिमपहिरोका कारण आपत्कालीन सेवासमेत बन्द भएका छन्। बेला बेलामा मध्य एसियाली मुलुक ताजिकिस्तान प्राकृतिक प्रकोपको चपेटामा परिरहन्छ। पूर्वसोभियत सङ्घबाट छुट्टिएका राज्यमध्ये ताजिकिस्तान सबैभन्दा गरिब राष्ट्र हो। उक्त देशमा सात हजार मिटरभन्दा माथिका हिमशिखर छन् । पञ्चानब्बे लाख जनसंख्या रहेको ताजकिस्तान अफगानिस्तान, चीन र किर्गिस्तानले घेरिएका छन्।
तीन दशकदेखि सत्तामा रहेका राष्ट्रपति इमोमाली रहमोनसलाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिन तथा इरानका राष्ट्रपति इब्राहिम रायसीले हिमपहिरोका कारण भएको अमूल्य जीवनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै समवेदना व्यक्त गरेका छन्। (रासस/ एएफपी)



# धुवाँ रहित चुल्हो वातावरणीय प्रदुषणमा न्युनिकरण : राज्यमन्त्री अन्सारी



मधेशदृष्टि
वीरगंज, ८ फागुन । मधेस प्रदेशका उद्योग, वन तथा पर्यटन राज्यमन्त्री रहबर अन्सारीले धुवा रहित चुल्होको प्रयोगले वातावरणीय प्रदूषण न्यूनीकरणमा महत्वपूर्ण योगदान पुग्ने बताएका छन् ।

वाराको परवानीपुरमा रहेको धुवाँ रहित चुल्हो उत्पादन गर्ने उद्योगकोस्थलगतअवलोकनपछि संचारकर्मीहरुसँग संक्षिप्त कुरा गर्दै राज्यमन्त्री अन्सारीले नेपाल र छिमेकी मुलुक भारतका गरिब तथा सीमान्तकृत घरपरिवारलाई घरभित्रको प्रदूषणबाट मुक्त बनाउने उदेश्यले संचालनमा रहेको धुवाँ रहित चुल्हो उद्योगले वातावरण जोगाउन महत्वपूर्ण भूमिका खेलेकोमा सोको प्रशंसा गरे ।

धुवा रहित चुल्हो उत्पादन गर्ने हस्क पावर नेपाल नामको उद्योगको सञ्चालन स्थानिय युवा मनोज गुप्ताले गरेका छन् । राज्यमन्त्री अन्सारीले विभिन्न कठिनाईका वावजूद पनि आफ्नो दृढ उदेश्य र आत्मविश्वासले सबैलाई प्रेरणा दिदै प्रदुषण रहित चुलोको प्रवर्द्धन तथा वितरण गर्न सफल भएकोमा उद्यमी मनोज गुप्तालाई धन्यवाद दिएका थिए । उनले गुप्ताको प्रेरणा र हौसलाबाट अरुले पनि पाठ सिक्नु पर्ने कुरामा जोड दिए ।

# सडक निर्माणको निरिक्षण गरे सांसद प्रदीपले



मधेशदृष्टि , वीरगंज ८ फागुन ।
पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य प्रदीप यादवले आफ्नो संसदीय क्षेत्रमा भएका विकास निर्माणको सोमबार एक कार्यक्रमकाबीच स्थलगत अनुगमन गरेका छन् ।

पर्साको क्षेत्र नम्बर १ अर्न्तगत वीरगञ्जको हरपतगञ्जदेखि मनियारी, ईटियाही, भवानीपुर हुँदै जगरनाथपुर नहरसम्म जोड्ने साढे ६ किलोमिटर सडक खण्डको सांसद यादवले अनुगमन गरेका हुन् । अनुगमनका क्रममा सांसद यादवले सडक निर्माणको कार्य प्रगति सन्तोषजनक रहेको बताउँदै गुणस्तरीय ढंगले लापरवाही नगरी निर्माण गर्न निर्माण कम्पनीलाई निर्देशन दिए ।

सडक बिकासको पहिलो आधार भएको बताउँदै यादवले आफ्नो क्षेत्रलाई कच्ची सडक मुक्त क्षेत्र बनाउने दावी गरेका छन् ।

सो क्षेत्रका जनता सडक सञ्जालसँग जोडिने भएकोमा खुशी व्यक्त गर्दै पूर्व वनमन्त्री समेत रहनु भएका यादवले सडक निर्माण भएपश्चात सो क्षेत्रका किसानहरुको उत्पादनले सहज रुपमा बजार पाउने बिश्वास व्यक्त गरे ।

नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअर्न्तगतको सडक डिभिजन कार्यालय हेटौडाले सडकको निर्माण गर्न लागेको हो । करिब साढे ६ किलोमीटर लम्बाईको कालोपत्रे सडक पुस मसान्त २०८१ भित्र सम्पन्न गर्ने गरी २० करोड ५७ लाख २१ हजारमा हिम सगरमाथा जेभी वीरगञ्जले काम गरीरहेको छ ।

# तीसहजार टन युरिया आइपुग्यो

*प्राप्त मल वीरगंज प्रादेशिक कार्यालयमा ११ हजार ५ सय टन राखिने छ भने भैरहवा प्रादेशिक कार्यालयमा १० हजार र विराटनगर प्रादेशिक कार्यालयमा ८ हजार ५ सय मेट्रिक टन पठाइने*

मधेशदृष्टि
वीरगंज, फागुन ८ ।
आगामी चैते धानबालीलाई लक्षित गर्दै कृषि सामग्री कम्पनीले ग्लोबल टेन्डरबाट खरिद गरेको ३० हजार मेट्रिक टन युरिया मल नेपाल भित्रिने क्रम शुरु भएको छ । भारतको कोलकाता बन्दरगाहबाट ३ हजार मेट्रिकटन युरिया मल बोकेको पहिलो रेल्वे ऱ्याक आइतबार वीरगन्जस्थित सिर्सिया सुक्खा बन्दरगाह आइपुगेको छ ।



कृषि सामग्री कम्पनी, मधेस प्रादेशिक कार्यालय वीरगन्जका प्रमुख चन्द्र चौलागाईले ग्लोबल टेन्डरबाट मलेसियाबाट आयात गरिएको मल आपूर्तिको ठेक्का पाएको स्विस सिंगापुर ओभरसिज कम्पनीले ल्याएको हो । करीब २ साताअघि उक्त युरिया मलेसियाबाट कोलकाता बन्दरगाह आइपुगेको थियो । बन्दरगाहमा बोरामा प्याकिङ गरेर ल्याउन करीब दुई साता लागेको हो । कुल ३० हजार मेट्रिक टन युरिया मलमध्ये वीरगन्ज प्रादेशिक कार्यालयले ११ हजार ५ सय टन, भैरहवा प्रादेशिक कार्यालयले १० हजार र विराटनगर प्रादेशिक कार्यालयले ८ हजार ५ सय मेट्रिक टन मल पाउने चौलागाईले जानकारी दिए । आयातित मल आउँदो चैते धानबाली सिजनका लागि उपयोगी हुने चौलागाई बताउँछन् ।

यसअघि नेपाल सरकारले भारत सरकारसंग जीटुजी प्रक्रियाबाट खरिद गरेको ३० हजार मेटन युरिया मल नेपाल भित्रिसकेको छ । भारतसँग आयात गरिएको मल देशका विभिन्न स्थानमा पठाउने काम भई रहेको र हाल सो मल किसानहरुले गहुँ वालीका लागि धमाधम लगि रहेको चौलागाई बताउँछन् ।

# बहुविवाह गर्न लागेका दुलहा पक्राउ

मधेशदृष्टि
वीरगंज, ८ फागुन ।
घरमा श्रीमती हुदाहुदै अर्को बिवाह गर्न लागेका दुलहालाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ ।
वीरगंज महानगरपालिकाको वडा नम्बर ३१ लालपर्साको प्रसोतीपुर निवासी खलिल देवानकी छोरीसँग सोमवार विहे गर्न लागेका पर्साको बहुदरमाई नगरपालिका वडा नम्वर १ निवासी विश्रामपुर निवासी अतावदिन देवानलाई प्रहरीले घरमा श्रीमती हुँदा हुदै दोश्रो विहे गर्न लागेको आरोपमा पक्राउ गरेको प्रहरी नायव उपरीक्षक दिपक गिरीले जानकारी दिएका छन् ।

विवाह गर्न आएका दुलहालाई सोमवार बिहान केटीको घरबाट प्रहरीले नियन्त्रणमा लिएपछि जन्ती आएका मानिसहरु भागाभाग भएका थिए ।

घटना बिबरण अनुसार भारत नरकटीयागज निवासी तामिस देवानको छोरी सबनम खातुनको ४ बर्षअघि बहुदरमाई नगरपालिका वडा नम्बर १ बिश्रँमपुर निवासी अतावदिन देवानसंग भएको थियो ।

केटी पक्षले विवाहमा १० लाख दाईजो समेत दिएका थिए ।

विवाह गरेका देवानले आफनो श्रीमती अंपाग तथा कुरुप रहेको भन्दै वीरगंज महानगर लालपर्सा पूरुषोतपुर निवासी खलिल देवानको छोरीसंग आज बिहे गर्न लागेका थिए । सोही बेला देवानको श्रीमती एक बच्चा सहित केटीको घरमा प्रहरीसंगै पुगेपछि देवानको पोल खुलेको थियो । देवानको श्रीमती सुन्दर तथा कुरुप नरहेको र अभियुक्तले झुक्याएर बिवाह गर्न लागेको प्रमाणित भएपछि नयाँ हुनेवाला दुलही पक्षले देवानलाई कडा कारावहीको माग समेत गरेका छन ।

बिवाह गर्न आएका दुलहा अहिले पर्सा प्रहरीको हिरासतमा रहेको र घटनाका बारेमा थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक गिरीले जानकारी दिए ।

# चुरे अभियानद्धारा धर्ना घोषणा

मधेशदृष्टि
जनकपुरधाम, ८ फागुन । चुरे तथा वन जंगल संरक्षण अभियानले फागुन ११ गते बिहीबारदेखि अनिश्चितकालिन धर्ना कार्यक्रमको घोषणा गरेको छ । हजारौंको संख्या उपस्थित भई फागुन ११ गते बिहीबार दिउँसो २ बजेदेखि अनिश्चितकालिन धर्ना दिने सोमबार जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गरि चुरे तथा वन जंगल संरक्षण अभियानका संरक्षक सरोज रायले जानकारी दिएका हुन् ।

अभियानीहरुले सोही दिन मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र जिल्ला प्रशासन कार्यालय अगाडीसमेत प्रदर्शन गर्ने भएका हुन् ।पत्रकार सम्मेलनमा रायले चुरे तथा वन जंगल संरक्षण अभियान र मधेस प्रदेश सरकारबिच भएको ७ बुँदे सहमति तत्काल कार्यान्वयन गर्न पहल गर्नुपर्ने, अवैध क्रसर उद्योगहरुको गतिविधि उपर



तत्काल रोक लगाउन र दिलीप महतोलाई पर्यावरणीय शहीद घोषणा गर्नुपर्ने माग गरेका छन् ।

उनले भूमिहिन तथा सुकुम्बासीको आवासको हक मौलिक हकको रुपमा धारा ३७ मा व्यवस्था भएकोले राज्यले गम्भिरताका साथ संविधानको कार्यान्वयनमा तदारुकता देखाउनुपर्ने आफूहरुको माग रहेको बताए । चुरे तथा वन जंगल संरक्षण अभियानका राष्ट्रिय संयोजक सुनिल यादवले वैदेशिक रोजगार सम्बन्धि समस्या समाधान गर्न संविधानको धारा ३३ मा व्यवस्था भए अनुसार सुरक्षित तथा योग्यता अनुसार सुनिश्चित रोजगारीको व्यवस्था मिलाउनुपर्ने र स्थानीय तहको निर्वाचन गैर दलिय प्रतिस्पर्धा अन्तर्गत व्यवस्था मिलाउँदै दलितको लागि राजनीतिक आरक्षण सुनिश्चित गर्न पालिका प्रमुखहरु चक्रिय प्रणालीमा व्यवस्था गर्नका लागि संघ सरकार निर्वाचन कानुन परिमार्जन गरी कार्यान्वयन गरोस् भन्ने पनि हाम्रो माग रहेको बताए । उनले आफूहरुको मागप्रति संघ, प्रदेश र स्थानीय तह तथा सम्बन्धित निकाय सजग नभएकोले बाध्य भएर फेरि आन्दोलनमा उत्रन लागेको जानकारी दिए ।

सामाजिक अभियन्तासमेत रहेका रायले संघीय निजामति सेवा ऐन, नागरिकता ऐन संशोधन गर्न नसक्दा अनेकन समस्याहरु जनजिविकाको सवाल भएर आएको बताउँदै मधेस मरुभूमिकरण हुने संकट निकट भविष्यमा नै देखापर्न सक्ने स्थिति उत्पन्न भएको अवस्थामा अझ सेटिङ्ग मार्फत अवैध क्रसर उद्योग लगायत नीतिगत रुपमै ढुंगा, बालुवा निकासीका लागि मापदण्ड बिना नै अनुमति प्रदान गर्ने काम नरोकिनु चिन्ताको विषय रहेको जिकिर गरे ।

उनले आफूहरको माग पुरा गराउन आगामी दिनमा पनि शान्तिपूर्ण रुपमा धर्ना, दवाव सिर्जना गर्न एक घण्टे चक्का जाम, ग्रासरुट मुभमेन्टको रुपमा गाउँगाउँमा अभियान लगायत थप संघर्षका कार्यक्रमहरु सार्वजनिक गर्ने जानकारी दिए ।

# बहादुरमाईको प्रमुख प्रशासकीय अधिकृतमा मुस्तुफा



मधेशदृष्टि
वीरगंज, ८ फागुन । पर्साको बहुदरमाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा आजबाट महम्मद शेरे मुस्तुफाले कार्यभार सम्हालेका छन् ।

बहुदरमाई नगरपालिकाका नगर-प्रमुख सिगांसन साह र उप-प्रमुख सुस्मा कुशवाहाले प्रमुख प्रशासकीय अधिकृत शेरे मुस्तुफालाई स्वागत गरेका थिए । बहुदरमाई नगरपालिका का नगरप्रमुख सिगांसन साह तेली र उप-प्रमुख सुस्मा कुमारी कुशवाहाले स्वागत कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत मुस्तुफालाई आफूहरुको सल्लाहमा जनताका समस्यालाई समाधान गर्ने दिशामा अगाडी बढन आग्रह गरे ।

प्रमुख प्रशासकीय अधिकृत महम्मद शेरे मुस्तुफाले जनप्रतिनिधि र कर्मचारीलाई समन्वय गरी बहुदरमाई नगरपालिकाको सम्पूर्ण विकास निर्माण, देखि रोकिएका काम अगाडी बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए । उनले जनताको समस्यालाई मध्यनजर गरि समयमा छिटो र छरितो सेवा उपलब्ध गर्न र गराउन आफू लागि पर्ने बताउदै बहुदरमाई नगरपालिकामा हिजोको दिनमा भएको कमी-कमजोरीलाई सुधार गरि कर्मचारी एक्यबद्ध भई अगाडी बढने प्रतिबद्धता समेत व्यक्त गरे ।

# बिल विजक भन्दा ९२ लाख बढि स्टेशनरी नियन्त्रणमा



मधेशदृष्टि
वीरगंज, ८ फागुन । पर्सा प्रहरीले बिल बिजक भन्दा ९२ लाख भन्दा बढीको स्टेशनरी तथा खुद्रा सामानहरू लोड रहेको ट्रक र ट्याक्टर नियन्त्रणमा लिएर सोमवार राजस्व अनुसन्धानमा बुझाएको छ ।

बिल विजक भन्दा बढी विभिन्न किसिमका स्टेशनरी तथा खुद्रा सामानहरू बोकेको ना ३ ख १०२४ नम्बरको मालवाहक ट्रक र ना ५ ख ५४९४ ट्याक्टरलाई विशेष सुराकीको आधारमा पर्सा प्रहरीले बीरगञ्ज महानगरपालिका वडा नम्बर २५सिर्सिया स्थित सडकखण्डबाट नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक गिरीले जानकारी दिएका छन् ।

नियन्त्रणमा लिएको ट्रक र ट्याक्टर जाँच गर्ने क्रममा विल विजक भन्दा बढी मालबस्तुहरू भेटिएपछि सामान सहितको ट्रक र ट्याक्टरको ९२ लाख ४८ हजार ८ सय २२ रुपैया मुल्यांकन गरी थप अनुसन्धान तथा आवश्यक कारवाहीको लागि सोमवार राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको गिरीले बताए ।

शक्तिमान रोटाभेटर
पाँच पटकको जोताई एक पटकमा
अधिकृत विक्रेता:
त्रिशक्ति ट्रेडर्स
प्रतिमा चौक, वीरगंज, मो.नं. ९८११३०४३९९



SHAKTIMAN®
MAKING AGRICULTURE MORE ECONOMICAL

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल